नक्सलबाडीदेखि बस्तरसम्म

भारतीय माओवादी आन्दोलनको 'उत्थान र पतन'को अन्तरकथा



From Naxalbari to Bastar:

The Untold Story of the 'Rise and Fall' of the Indian Maoist Movement



नक्सलबाडीदेखि बस्तरसम्म:

भारतीय माओवादी आन्दोलनको 'उत्थान र पतन'को अन्तरकथा

From Naxalbari to Bastar:

The Untold Story of the 'Rise and Fall' of the Indian Maoist Movement

Cover photo: https://www.vifindia.org/sites/default/files/naxal-1.jpg

https://ichef.bbci.co.uk/news/1024/branded_ukrainian/5F26/production/_122285342_ussrgettyimages-1007471288.jpg

विषयक्रम



केदार सिटौला



नक्सलबाडीदेखि बस्तरसम्म: भारतीय माओवादी आन्दोलनको ‘उत्थान र पतन’को अन्तरकथा

सरकारी दमन र आन्तरिक विभाजनले मत्थर हुँदै गरेको ‘बसन्तको मेघ गर्जन’

केदार सिटौला

चीनेर चेयरमैन, आमेदर चेयरमैन
चीनेर पथ, आमेदर पथ
तोमार बाड़ी, आमार बाड़ी,
नक्सलबाड़ी, नक्सलबाड़ी
तोमार नाम, आमार नाम,
भियतनाम, भियतनाम।
(चीनको अध्यक्ष, हाम्रा पनि अध्यक्ष
चीनको बाटो, हाम्रो बाटो

तिम्रो गाउँ, मेरो गाउँ —
नक्सलबाडी, नक्सलबाडी
तिम्रो नाम, मेरो नाम —
भियतनाम, भियतनाम)

संसारकै सबैभन्दा लामो समयदेखि चलिरहेको कम्युनिस्ट सशस्त्र संघर्ष मानिने भारतको नक्सलवादी आन्दोलन अहिले संकटपूर्ण अवस्थामा पुगेको छ। हरेक हप्ता जस्तै भारतीय सञ्चार माध्यममा भारतीय सुरक्षाकर्मी र माओवादी छापामारहरूबीचको 'इन्काउन्टर'का खबरहरू आइरहेका छन्, जसमा दर्जनौं माओवादीहरू तथा सुरक्षाकर्मीहरुको मृत्यु भएको खबर रहन्छ। आज यही सेरोफेरोमा भारतीय माओवादी आन्दोलनको इतिहास र वर्तमान अवस्थाका बारेमा चर्चा गर्ने प्रयास गरिएको छ।

आजभन्दा ५८ वर्ष अगाडि, सन् १९६७ मा भारतको पश्चिम बङ्गाल राज्यको एउटा गाउँ नक्सलबाडीबाट किसान विद्रोह सुरु भएको थियो। नक्सलबाडीका किसानहरूले जमिन्दारको अत्याचारविरुद्ध विद्रोह गरे। जमिन्दारहरूको धनमाल कब्जा गरे र केहीलाई सजाय समेत दिए। यो विद्रोह दबाउन बङ्गाल सरकारले प्रहरी बल पठायो। किसानहरूले प्रतिरोध गरे। हिंसात्मक झडप भयो, त्यसक्रममा एक जना प्रहरी



अफिसरको मृत्यु भयो। सरकारले आन्दोलन दबाउन थप प्रहरी पठायो। प्रहरीले आन्दोलनकारीमाथि गोली प्रहार गरेर १० जना किसानको हत्या गर्‍यो। आन्दोलनका प्रणेता थिए– चारु मजुमदार, कानु सान्याल र जंगल सन्थाल।

समयक्रममा उक्त नक्सलवादी आन्दोलन बिहार, उडिसा, पञ्जाब र आन्ध्रप्रदेशसम्म डढेलोझैँ फैलियो। तर यसको मुख्य केन्द्रबिन्दु पश्चिम बङ्गाल नै रह्यो। बङ्गालका युवा र विद्यार्थीहरूले नक्सलवादी विद्रोहको विचारलाई पूर्ण रूपमा आत्मसात् गरेका थिए। बङ्गालका विश्वविद्यालय र क्याम्पसका विद्यार्थीहरू क्रान्तिकारी संघर्षमा होमिएका थिए। त्यसैबेला चारु मजुमदारले 'बुर्जुवा शिक्षा बहिष्कार'को नारा दिए। त्यसपछि विद्यार्थीहरूले बङ्गालका शिक्षण संस्थाहरूलाई निशाना बनाउन थाले। उनीहरूले क्याम्पस र विश्वविद्यालयहरूमा तोडफोड गर्न थाले, बम प्रहार गर्न थाले। त्यो बेला बङ्गालको सबैभन्दा राम्रो मानिने प्रेसिडेन्सी कलेज समेत नक्सलवादी विद्यार्थीहरूको केन्द्र बनेको थियो।

नक्सलवादी विद्रोहलाई माओ त्से-तुङको नेतृत्वमा रहेको चीनले ठूलो महत्त्व दिएको थियो। त्यस बेला चीनको मुखपत्रमा नक्सलवादी विद्रोहलाई 'बसन्तको मेघ गर्जन'को उपमा समेत दिइएको थियो।

यो विद्रोहको प्रभाव केवल भारतमा मात्रै होइन, विश्वभरिनै परेको थियो। नक्सलबाडीसंग सीमा जोडिएको नेपालको झापा र तत्कालीन पूर्वी पाकिस्तानमा समेत नक्सलवादी विद्रोहबाट प्रभावित भएर त्यहाँ समेत यसको अनुकरण गरिएको थियो। नक्सलवादी विद्रोहलाई माओ त्से-तुङको नेतृत्वमा रहेको चीनले ठूलो महत्त्व दिएको थियो। त्यस बेला चीनको मुखपत्रमा नक्सलवादी विद्रोहलाई 'बसन्तको मेघ गर्जन'को उपमा समेत दिइएको थियो।

सन् १९६७ मा नक्सलवादीहरूले आफ्नो आन्दोलन अगाडि बढाउनका लागि सल्लाह र सुझाव लिन आफ्ना केही नेताहरूलाई चीन पठाउने निर्णय गरे। कानु सन्याल, खोखन मजुमदार, दीपक बिस्वास र खुदान मल्लिक काठमाडौँबाट तिब्बत हुँदै चीनको

राजधानी पेकिङ पुगे। चीनले नक्सलवादी नेताहरूलाई माओ त्से-तुङको विचार र कार्यनीति राम्रोसँग बुझ्नका लागि एक वर्ष चीनमै बसेर अध्ययन गर्न सुझाव दियो। तर नक्सलवादी नेताहरूले आफ्नो संघर्ष छोडेर त्यत्रो लामो समय चीनमा बस्न नसक्ने बाध्यता रहेको बताए। उनीहरूले बरु ३ महिना जति चीनमा बसेर माओ विचार र सैन्य रणनीति सिक्ने प्रस्ताव राखे। यही प्रस्ताव अनुसार नक्सलवादी नेताहरूले चीनमा राजनीतिक विचार र सैन्य रणनीतिको तालिम हासिल गरे।

माओले नक्सलवादी नेताहरूलाई एउटा सुझाव दिँदै भने— 'तपाईंहरूले चीनमा जे कुरा सिक्नु भएको छ, त्यसलाई बिर्सिनुहोस्। नक्सलबाडी फर्केपछि त्यहाँको धरातलीय यथार्थलाई ध्यानमा राख्दै आफ्नो क्रान्तिकारी रणनीति तयार पार्नुहोस्।'

प्रशिक्षण सकिएपछि र भारत फर्किने बेला नक्सलवादी नेताहरू सँग अध्यक्ष माओ त्से-तुङले समेत भेट गरेका थिए। भेटमा माओले नक्सलवादी क्रान्ति र चिनियाँ क्रान्तिबीचको समानताको चर्चा गरे। उनले भारतमा क्रान्ति सफल भएपछि चीन र



माओवादीविरुद्ध परिचालित भारतीय सुरक्षाकर्मीहरु । Image: https://images.indianexpress.com

भारतबीचको सीमा विवाद दुवै देशको हितमा सुल्झाउने विश्वास प्रकट गरे। र अन्त्यमा माओले नक्सलवादी नेताहरूलाई एउटा सुझाव दिँदै भने— 'तपाईंहरूले चीनमा जे कुरा सिक्नु भएको छ, त्यसलाई बिर्सिनुहोस्। नक्सलबाडी फर्केपछि त्यहाँको धरातलीय यथार्थलाई ध्यानमा राख्दै आफ्नो क्रान्तिकारी रणनीति तयार पार्नुहोस्।'

नक्सलवादी आन्दोलनको मुख्य रणनीति थियो– वर्गशत्रुको सफाया गर्नु। यो कार्यनीति चारु मजुमदारले प्रतिपादन गरेका थिए। चारु मजुमदारका अनुसार जसले वर्गशत्रुको सफायाको रणनीतिलाई अपनाउँदैन, उसलाई आफूलाई कम्युनिस्ट भन्ने नैतिक अधिकार हुँदैन। उनको रणनीतिलाई अनुशरण गर्दै नक्सलवादी कार्यकर्ताहरूले ठूलो संख्यामा जमिन्दार, मध्यम वर्गीय किसानहरूको हत्या गरे। त्यस्तै शहरी क्षेत्रमा पनि नक्सलवादीहरूले आफ्नो आन्दोलनको आलोचना गर्नेहरू, विपक्षी पार्टीका नेताहरू र प्रहरीहरूको सफाया गर्न थाले। यी सबै गतिविधिबाट उत्साहित भएर चारु मजुमदारले ७० को दशकलाई 'मुक्तिको दशकमा बदलौं' भन्ने नारा दिए। यसले नक्सलवादी गतिविधिमा झनै तीव्रता आयो।

भारतीय सुरक्षाकर्मीहरूले नक्सलवादीहरूलाई तह लगाउन खुला छुट पाए। उनीहरूले विद्रोहीहरूलाई गाउँ, देहात र शहरका गल्लीहरू जहाँ भेटिन्छन्, त्यहीँ मार्न थाले। उनीहरूलाई गिरफ्तार गरेपछि हिरासतमै पनि मार्न थालियो। यस्तो हत्यालाई मुठभेडको नाम दिइन्थ्यो।

प्रधानमन्त्री इन्दिरा गान्धीको नेतृत्वमा रहेको भारत सरकारले नक्सलवादीहरूलाई निर्मम दमन गर्न सुरु गर्यो। प्रहरीका साथै अर्धसैनिक बल र सेना पनि दमनमा उत्रिए। नक्सल प्रभावित क्षेत्रलाई संकटग्रस्त क्षेत्र घोषणा गरियो। यसले सरकारलाई नक्सलवादीहरूलाई दमन गर्ने कानुनी बाटो खोल्यो। बङ्गालमा दुई वर्षभित्र दोस्रो पटक राज्य सरकारलाई बर्खास्त गर्दै राष्ट्रपतिको शासन लागू गरियो। पहिलो पटक सन् १९६७ मा प्रफुल्ल चन्द्र सेनको कांग्रेस पार्टीको सरकारलाई र सन् १९७० मा अजोय मुखर्जीको नेतृत्वको बंगला कांग्रेस र भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) को संयुक्त सरकारलाई बर्खास्त गरिएको थियो। अब भारतीय सुरक्षाकर्मीहरूले

नक्सलवादीहरूलाई तह लगाउन खुला छुट पाए। उनीहरूले विद्रोहीहरूलाई गाउँ, देहात र शहरका गल्लीहरू जहाँ भेटिन्छन्, त्यहीँ मार्न थाले। उनीहरूलाई गिरफ्तार गरेपछि हिरासतमै पनि मार्न थालियो। यस्तो हत्यालाई मुठभेडको नाम दिइन्थ्यो। त्यही बेला चीनले समेत नक्सलवादी आन्दोलनसम्बन्धी खबरहरू रेडियो पेकिङबाट प्रसारण गर्न बन्द गर्यो।

चाउ र खाङ सेंगले सौरिन बोसलाई झपार्दै सोधे— "हाम्रा देशका अध्यक्ष तपाईंहरूको देशका अध्यक्ष कसरी हुन सक्छन्?" त्यस्तै चिनियाँ नेताहरूले नक्सलवादीहरूको व्यक्ति हत्याको राजनीतिलाई पनि कडा आलोचना गरे।

जब आन्दोलन समस्यामा फस्न थाल्यो, तब भाकपा मालेले चीनको सहयोग र सुझाव माग्नका लागि आफ्ना एकजना नेता सौरिन बोसलाई चीन पठायो। उनी बेलायतको बाटो हुँदै पेकिङ पुगे। चीनमा प्रधानमन्त्री चाउ एन लाए र गुप्तचर निकाय प्रमुख खाङ सेंगले सौरिन बोसलाई नक्सलवादी आन्दोलनका कमीकमजोरीहरू र



माओवादी छापामारहरु । तस्विर: India after Naxalbari: Unifinished History पुस्तकको आवरणबाट

चीनको असन्तुष्टिबारे प्रस्ट पारे। चाउ र खाङ सेंगले सौरिन बोसलाई झपार्दै सोधे— "हाम्रा देशका अध्यक्ष तपाईंहरूको देशका अध्यक्ष कसरी हुन सक्छन्?" त्यस्तै चिनियाँ नेताहरूले नक्सलवादीहरूको व्यक्ति हत्याको राजनीतिलाई पनि कडा आलोचना गरे।

सौरिन बोसले चीनबाट ल्याएको सन्देश सुनेर चारु मजुमदार हतोत्साहित बने। उनको स्वास्थ्य पनि बिग्रियो। यता नक्सलवादी नेताहरू भारतीय प्रहरीको दमनको चपेटामा पर्न थाले। १९७१ को मार्चमा सौरिन बोस गिरफ्तार भए, त्यसको एक हप्ता नबित्दै अर्का महत्वपूर्ण नेता सुशितल राय चौधरी हर्ट अट्याक भएर बिते। अगस्टमा कलकत्ता प्रहरीले सरोज दत्तलाई गिरफ्तार गर्न सफल भयो। उनलाई बिहानै एउटा मैदानमा लगेर मुठभेडको नाममा गोली हानेर हत्या गर्‍यो। यसबीच भाकपा मालेभित्र टुटफुटको श्रृंखला सुरु भयो। नक्सलवादी आन्दोलनलाई 'अन्तिम धक्का' १६ जुलाई सन् १९७२ मा लाग्यो। चारु मजुमदारलाई कलकत्ता प्रहरीले गिरफ्तार गर्‍यो। १२ दिनको यातना पछि २८ जुलाईमा प्रहरी हिरासतमै उनको मृत्यु भयो।

नक्सलवादी आन्दोलनको दोस्रो चरण बिहार – लिबरेशन, एमसीसी र पार्टी युनिटी

चारु मजुमदारको मृत्युपछि भाकपा माले अनेकौं समूहमा छिन्नभिन्न भयो। यिनै समूहहरूले आफ्नो-आफ्नो शैलीमा नक्सलवादी आन्दोलनलाई अगाडि बढाए। नक्सलवादी आन्दोलनको एउटा केन्द्रभूमि थियो– बिहार। बिहारमा क्रियाशील महत्वपूर्ण नक्सलवादी समूहहरू थिए – सीपीआई (एमएल) लिबरेशन, सीपीआई (एमएल) पार्टी युनिटी र माओवादी कम्युनिस्ट सेन्टर (एमसीसी)। सुब्रत दत्त (जौहर) ले नेतृत्व गरेको सीपीआई(एमएल) लिबरेशनको मुख्य कार्यक्षेत्र थियो– बिहार राज्यको भोजपुर जिल्ला। सन् १९७५ मा जौहरको सहादतपछि यसको नेतृत्व विनोद मिश्रले गरे। बिहारका भूमिहीन र दलितहरू माझ संगठन निर्माण गरेर यो समूहले लामो समयसम्म लडाइँ लड्यो।

सत्तरीको दशकको अन्त्यसँगै यो समूहले सशस्त्र संघर्षको बलमा मात्र परिवर्तन सम्भव नरहेको ठम्याइमा पुग्न थाल्यो। लिबरेशनले इन्डियन पिपल्स फ्रन्ट (आईपीएफ) नामक मोर्चा गठन गर्यो, जसमार्फत यसले चुनाव पनि लड्न थाल्यो।

सत्तरीको दशकको अन्त्यसँगै यो समूहले सशस्त्र संघर्षको बलमा मात्र परिवर्तन सम्भव नरहेको ठम्याइमा पुग्न थाल्यो। लिबरेशनले इन्डियन पिपल्स फ्रन्ट (आईपीएफ) नामक मोर्चा गठन गर्यो, जसमार्फत यसले चुनाव पनि लड्न थाल्यो। आईपीएफले सन् १९८९ को आम चुनावमा एक सिट पनि जित्न सफल भयो। सन् १९९० मा भएको बिहार विधानसभा निर्वाचनमा आईपीएफले ७ सिट जित्न सफल भएको थियो। सन् १९९२ मा कलकत्तामा भएको महाधिवेशनको क्रममा यो पार्टीले भूमिगत राजनीतिलाई परित्याग गर्दै खुला राजनीतिमा आएको थियो। सन् २०२४ को आम निर्वाचनमा यो पार्टीका २ जना सदस्य निर्वाचित भएका थिए भने बिहार विधानसभा मा करिब १ दर्जन विधायकहरू रहेका छन्।

त्यस्तै बिहारको अर्को महत्वपूर्ण नक्सलवादी समूह थियो सीपीआई(एमएल) पार्टी युनिटी। यो समूहको गठन ७० को दशकको अन्त्यतिर भएको थियो। यसको मुख्य नेता नारायण सन्याल थिए। पार्टी युनिटी समूहको मुख्य आधार क्षेत्र थियो गया, जेहानाबाद र पलामु जिल्ला। यी ठाउँहरूमा पार्टी युनिटीले मजदुर किसान सङ्घर्ष समितिको रूपमा आफ्नो संगठन विस्तार गरेको थियो। मजदुर किसान सङ्घर्ष समिति अरवल नरसंहारपछि ठूलो चर्चा आएको थियो। एउटा सरकारी जमिनमा ९ जना भूमिहीनहरूले आफ्नो झुपडी बनाएर बसेका थिए। जमिन्दारहरूले तिनीहरूलाई त्यहाँबाट हटाएर सो जमिनमा पर्खाल लगाइदिए। मजदुर किसान सङ्घर्ष समितिले विरोध जुलुस लिएर गएर सो पर्खाल भत्काइदियो। प्रहरीले त्यो जुलुसमाथि गोली प्रहार गरेर २१ जना प्रदर्शनकारीहरूको हत्या गर्यो। सन् १९९८ मा ५ वर्षको एकता वार्तापछि पार्टी युनिटी र सीपीआई(एमएल) पिपुल्स वार ग्रुपबीच पार्टी एकता भयो।

सोही प्रकारले बिहारको अर्को महत्वपूर्ण नक्सलवादी समूह थियो– माओवादी

कम्युनिस्ट सेन्टर (एमसीसी)। स्मरणीय छ, एमसीसी चारु मजुमदारले गठन गरेको सीपीआई(एमएल) बाट निक्लिएको समूह थिएन। बरु यो समूह सीपीआई(एमएल) मा समावेश नभई अलग रहेका केही नेताहरू अमुल्य सेन र कन्हाई चटर्जीले गठन गरेका थिए। उनीहरूले दक्षिण देश नामक पत्रिका निकाल्थे। त्यही पत्रिकाको नामबाट यो समूहलाई दक्षिण देश भनिन्थ्यो। केही वर्षसम्म यो समूहले पश्चिम बंगालको बिहारसँग जोडिएको क्षेत्रमा आफ्नो गतिविधि सञ्चालन गर्‍यो। पछि सन् १९७५ मा यो समूहले आफूलाई औपचारिक रूपमा माओवादी कम्युनिस्ट सेन्टरको रूपमा चिनाउन थाल्यो। यसले आफ्नो गतिविधिहरूलाई बिहारतिर विस्तार गर्‍यो। एमसीसीले बिहारमा आफ्नो जनसंगठन क्रान्तिकारी किसान सङ्घमार्फत बिहारका गाउँगाउँमा आफ्नो गतिविधि विस्तार गर्न थाल्यो। विशेष गरी गया, औरंगाबाद, हजारिबाग र गिरिडीह जिल्लामा यो संगठनको बलियो पकड बनेको थियो। यो समूहले आफ्नो आधार क्षेत्रहरूमा समानान्तर सरकार, न्याय प्रणालीको अभ्यासका साथै आफ्नै सशस्त्र दस्ताहरू परिचालन गरेको थियो। एमसीसीले आफ्नो सैनिक दस्तालाई लाल रक्षक दल को रूपमा स्थापना गरेको थियो। ९० को दशकमा एमसीसी एकदम शक्तिशाली संगठनको रूपमा अगाडि आएको थियो। एमसीसीले प्रहरी र अन्य अर्धसैनिकहरू विरुद्ध बारुदी सुरुङलाई घातक रूपमा प्रयोग गर्न थालेको थियो। सन् २००४ मा एमसीसी र सीपीआई(एमएल) पिपुल्स वार ग्रुपबीच लामो वार्तापछि एकीकरण भयो। यो एकीकरणपछि नयाँ पार्टीको नाम कम्युनिस्ट पार्टी अफ इण्डिया (माओवादी) राखियो।

एमसीसीले आफ्नो आधार क्षेत्रहरूमा समानान्तर सरकार, न्याय प्रणालीको अभ्यासका साथै आफ्नै सशस्त्र दस्ताहरू परिचालन गरेको थियो। यस समूहले आफ्नो सैनिक दस्तालाई लाल रक्षक दल को रूपमा स्थापना गरेको थियो। ९० को दशकमा एमसीसी एकदम शक्तिशाली संगठनको रूपमा अगाडि आएको थियो।

बिहारमा नक्सलवादी आन्दोलनका मुख्य उद्देश्यहरू थिए—जमिन्दारहरूको हातबाट जमिन खोसेर भूमिहीन कृषक र मजदुरहरूलाई वितरण गर्नु, समाजको सबैभन्दा



थलो तहमा रहेका दलित र पिछडिएका जातिहरूमाथि शताब्दीयौंदेखि भैरहेको अत्याचार र शोषणलाई समाप्त पार्नु, अनि मजदुरहरुलाई न्यायोचित ज्याला दिलाउनु। नक्सलवादी आन्दोलनको क्रममा पूरै बिहारको भूमि रगतले लतपतिएको थियो। उच्च जातिका जमिन्दारहरू आफ्नो हैकम र बर्चस्व त्यति सजिलै छोड्न चाहँदैनथे। उनीहरूले प्रहरी, प्रशासनको सहयोगमा नक्सलवादीहरूलाई दमन गर्न खोजे। अझ त्यसले पनि नपुगेर आफ्नै सेनाहरू पनि बनाए, जसमध्ये मुख्य थिए— रणवीर सेना, डायण्ड सेना र सनलाइट सेना आदि। सामन्तवादका रक्षक सेनाहरूले भूमिहीन र दलितहरूविरुद्ध अनेकौं नरसंहार गरे, जसमध्ये बथानी टोला, लक्ष्मणपुर बाथे र शंकरबिघा नरसंहार सबैभन्दा कुख्यात मानिन्छन्।

सन् १९९६ मा रणवीर सेनाले बथानी टोला गाउँमा मध्यराति पसेर करिब २० जना दलित र मुसलमानहरूको हत्या गरेका थिए। त्यस्तै, सन् १९९७ मा रणवीर सेनाले लक्ष्मणपुर बाथेमा ५८ जना दलितहरूको हत्या गरेका थिए। सोही प्रकारले सन् १९९९ मा शंकरबिघामा यही समूहले २३ जना दलितहरूको हत्या गरेको थियो। नक्सलवादीहरू पनि जमिन्दारहरूको हिंसाको जवाफ उस्तै शैलीमा फर्काउने गर्थे। त्यसको एउटा उदाहरण थियो बारा नरसंहार। सन् १९९२ मा एमसीसीका लडाकुहरूले

३७ जना स्वर्ण लिबरेसन फ्रन्टका समर्थक भूमिहारहरुको हत्या गरेका थिए।

बिहारका नक्सलवादी समूहहरूको भारतीय सत्ता र जमिन्दारहरूसँग मात्र होइन, आपसमा समेत हिंसात्मक झडपहरू हुने गर्थे। ९० को दशकमा नक्सलवादी समूहहरूबीच आफ्नो प्रभाव क्षेत्र विस्तार गर्ने क्रममा भीषण टकरावहरू भएका थिए। पार्टी युनिटी समूह र लिबरेसन समूहबीच, एमसीसी र लिबरेसन समूहबीच, र एमसीसी र पार्टी युनिटी समूहबीच अनेकौं हिंसात्मक झडपहरू भएका थिए। अझ कतिपय अवस्थामा एकअर्काका समर्थकहरूको नरसंहार गर्ने हदसम्म शत्रुता बढेको थियो।

बिहारका नक्सलवादी समूहहरूको भारतीय सत्ता र जमिन्दारहरूसँग मात्र होइन, आपसमा समेत हिंसात्मक झडपहरू हुने गर्थे। ९० को दशकमा नक्सलवादी समूहहरूबीच आफ्नो प्रभाव क्षेत्र विस्तार गर्ने क्रममा भीषण टकरावहरू भएका थिए।

आन्ध्र प्रदेश – पिपुल्स वार ग्रुप

पश्चिम बङ्गालपछि नक्सलवादी आन्दोलनको केन्द्रबिन्दुका रूपमा आन्ध्र प्रदेश रहँदै आएको थियो। श्रीकाकुलमको संघर्ष यो आन्दोलनका सबैभन्दा घनीभूत संघर्षहरूमध्ये एक थियो। नक्सलवादी आन्दोलनको विघटनपछि आन्ध्र प्रदेशमा रहेका क्रान्तिकारीहरूले फेरि यो संघर्षलाई नयाँ ढंगले उठाउने प्रयास गर्न थाले। यसै क्रममा कोंडापल्ली सीतारमैयाको नेतृत्वमा सन् १९८० को अप्रिल २२ मा सिपिआई (एमएल) (पिपुल्स वार ग्रुप) को स्थापना भयो। सो क्षेत्रमा पहिलेदेखि कायम रहेको किसान संघर्षलाई पिपुल्स वार ग्रुपले व्यवस्थित गर्न थाल्यो। साथै भूमिहीन श्रमिकहरूलाई पनि संगठित गर्न थाल्यो। विशेष गरी उत्तरी तेलंगानाको कोइला खानीका मजदुरहरूलाई पिपुल्स वार ग्रुपले आफ्नो संगठनमा जोड्न थाल्यो। यसले पार्टीको संगठन विस्तारमा ठूलो मद्दत गर्यो।

आन्ध्र प्रदेश सरकारले पिपुल्स वार ग्रुपको विस्तारलाई सुरुदेखिनै सहज रूपमा

लिएको थिएन। पार्टी गठन भएको अर्को वर्षमै, सन् १९८१ मा अदिलाबाद जिल्लामा भएको प्रदर्शनको क्रममा प्रहरीले गोली प्रहार गर्दा थुप्रै आदिवासीहरूको मृत्यु भएको थियो। सरकारले नियमित जस्तै नक्सलवादीहरूको जनसंगठनहरूमाथि दमन गर्न थालेपछि उनीहरू भूमिगत हुन बाध्य भए।

पिपुल्स वार ग्रुपका कार्यकर्ताहरूले बस्तरका आदिवासीहरूलाई शोषण गर्ने साहुकार, सामन्त, व्यापारी र सरकारी अधिकारीहरूलाई कारबाही गरे। यस्ता कामहरूकै कारण पिपुल्स वार ग्रुपले आदिवासी बहुल दण्डकारण्य क्षेत्रमा बलियो संगठन बनाउन सफल भयो। यो ठाउँ आन्ध्र प्रदेशको तेलंगाना क्षेत्रमा प्रहरीको दमन बढ्दा सुरक्षित रहने शरणस्थलसमेत बन्यो।

पिपुल्स वार ग्रुपले आफ्नो संघर्षको सुरुआतसँगै आफ्ना कार्यकर्ताहरूलाई दण्डकारण्य (आन्ध्र प्रदेश, मध्यप्रदेश, छत्तीसगढ, महाराष्ट्र र उडिसा) क्षेत्रमा संगठन विस्तारको लागि पठाउन थाल्यो। यस समूहको उद्देश्य उत्तरी तेलंगाना र दण्डकारण्य क्षेत्रमा छापामार क्षेत्र निर्माण गर्नु थियो। पिपुल्स वार ग्रुपका कार्यकर्ताहरूले बस्तरका आदिवासीहरू माझ बिस्तारै आफ्नो संगठन निर्माण गर्न थाले। उनीहरूले आदिवासी महिलाहरूको कमाइको प्रमुख स्रोत मानिने बिडी बनाउन प्रयोग गरिने तेन्दु पत्ता टिप्ने र मुठा बनाउने कामको उचित ज्यालाको लागि संघर्ष गरे। त्यस्तै, कागज बनाउनका लागि लाग्ने कच्चा पदार्थ बाँस काट्ने कामको उचित ज्यालाको लागि पनि संघर्ष गरे। सोही प्रकारले आदिवासीहरूलाई शोषण गर्ने साहुकार, सामन्त, व्यापारी र सरकारी अधिकारीहरूलाई कारबाही गरे। यस्ता कामहरूकै कारण पिपुल्स वार ग्रुपले आदिवासी बहुल दण्डकारण्य क्षेत्रमा बलियो संगठन बनाउन सफल भयो। यो ठाउँ आन्ध्र प्रदेशको तेलंगाना क्षेत्रमा प्रहरीको दमन बढ्दा सुरक्षित रहने शरणस्थलसमेत बन्यो।

सन् १९९१ मा संस्थापक नेता कोंडापल्ली सीतारमैयालाई नेतृत्व बाट हटाउदै महासचिव गणपति (मुपल्ला लक्ष्मण राव) पिपुल्स वार ग्रुपको महासचिव बने। उनकै नेतृत्वमा पिपुल्स वार ग्रुपको ठुलो बिस्तार भयो। पिपुल्स वार ग्रुपले उत्तरी तेलंगाना र

दण्डकारण्यमा छापामार क्षेत्र निर्माण गर्न सफल भयो। यस समूहले यी छापामार क्षेत्रहरूमा जनसरकारको स्थापना समेत गर्यो। यी जनसरकारहरूले आफ्नो इलाकामा सिंचाइ, मत्स्यपालन र लघु उद्योगको विकास, साथै शिक्षा र स्वास्थ्यको सुविधा समेत उपलब्ध गराउथे । आन्ध्र प्रदेश सरकारले यस समूहलाई विनाश गर्न आफ्नो पूरा शक्ति प्रयोग गर्यो। नक्सलवादीहरू मात्र होइन, समर्थकहरूलाई समेत मार्न थालिएको थियो। छापामारहरुले सरकारी दमनको जवाफ सुरक्षाकर्मीहरूमाथि एम्बुस र बारुदी सुरुङ (ल्याण्ड माइन) प्रयोग गरेर दिन थाले । पिपुल्स वार ग्रुपले दर्जनौं प्रहरी र अर्धसैनिकहरूको हत्या गर्यो। यस समूहले सन् २००० मा जन छापामार सेना (पिपुल्स गुरिल्ला आर्मी) को गठन गर्यो। अब छापामारहरू दस्तामा मात्र सीमित रहेनन्; उनीहरू प्लाटुन र कम्पनी स्तरमा पुगे। जन छापामार सेना ठूल्ठूला आक्रमण गर्न सक्षम भयो।

माओवादी पार्टीको गठन र उत्कर्ष

सन् १९९८ मा पार्टी युनिटी र सन् २००४ मा एमसीसीसँग पिपुल्स वार ग्रुपको एकीकरण भएपछि भारतीय कम्युनिस्ट पार्टी (माओवादी) को गठन भयो। यस पश्चात् यो पार्टीको विस्तार आन्ध्र प्रदेश, मध्यप्रदेश, छत्तीसगढ, महाराष्ट्र र उडिसादेखि बिहार, झारखण्ड र पश्चिम बङ्गालसम्म पुग्यो, जसलाई 'रेड करिडोर' भन्न थालियो।

सिपिआई (माओवादी) को गठनपछि नक्सलवादी आन्दोलनको गतिविधि रेड करिडोर क्षेत्रमा तीव्र रूपमा फैलियो। सन् २००५ मा आन्ध्र प्रदेश सरकार र माओवादीहरू बीच शान्तिवार्ता सुरु भयो। सरकारले माओवादी बन्दीहरूको रिहाइ र जमिनको पुनर्वितरण गर्न नमानेपछि वार्ता विफल भयो। सरकारले वार्ताको क्रममा माओवादी नेताहरूको जासुसी गरिरहेको थियो। शान्ति प्रक्रिया अन्त्यसँगै प्रहरीले आन्ध्र प्रदेशका माओवादी नेतृत्वलाई निर्दयतापूर्वक सफाया गरिदियो। आन्ध्र प्रदेशमा माओवादी पार्टीले ठूलो धक्का खायो। अब माओवादी संघर्षको मुख्य केन्द्र छत्तीसगढको बस्तर इलाका बन्न थाल्यो। भारत सरकारले बस्तर इलाकामा माओवादीविरुद्ध सलवा जुडुम अभियान चलायो। यो अभियानको मुख्य उद्देश्य

आदिवासीहरूलाई माओवादीबाट अलग्याउने थियो। आदिवासीहरूलाई अलगै क्याम्प बनाएर राख्न थालिएको थियो। आदिवासीहरूविरुद्धको यो अभियानको क्रममा थुप्रै गाउँहरू जलाइए, सयौं आदिवासीहरू मारिएका थिए।



माओवादीहरुविरुद्ध परिचालित भारतीय सुरक्षा बल ।
https://gumlet.assettype.com

सन् २००५ मा आन्ध्र प्रदेश सरकार र माओवादीहरू बीच शान्तिवार्ता सुरु भयो। सरकारले माओवादी बन्दीहरूको रिहाइ र जमिनको पुनर्वितरण गर्न नमानेपछि वार्ता विफल भयो। सरकारले वार्ताको क्रममा माओवादी नेताहरूको जासुसी गरिरहेको थियो। शान्ति प्रक्रिया अन्त्यसँगै प्रहरीले आन्ध्र प्रदेशका माओवादी नेतृत्वलाई निर्दयतापूर्वक सफाया गरिदियो।

सन् २००७ को मार्च १५ मा माओवादी जन छापामार सेनाले बिजापुरको प्रहरी क्याम्पमा आक्रमण गर्‍यो। यस आक्रमणमा ६७ जना प्रहरीहरू मारिएका थिए। सलवा

जुडुम असफल भएपछि, सन् २००९ मा माओवादी विद्रोहीविरुद्ध अपरेसन ग्रीन हन्ट सुरु गरियो। त्यसबेला भारतमा माओवादीको चुनौती कुन रूपमा पुगेको थियो भन्ने कुरा भारतका प्रधानमन्त्री मनमोहन सिंहको यो भनाइले प्रस्ट पार्छ। उनले भनेका थिए—"नक्सलवाद भारतका लागि सबैभन्दा ठूलो आन्तरिक चुनौती हो।"

सन् २००९ मा माओवादी विद्रोहीविरुद्ध अपरेसन ग्रीन हन्ट सुरु गरियो। त्यसबेला भारतमा माओवादीको चुनौती कुन रूपमा पुगेको थियो भन्ने कुरा भारतका प्रधानमन्त्री मनमोहन सिंहको यो भनाइले प्रस्ट पार्छ। सेप्टेम्बर १५, २००९ मा उनले भनेका थिए—"नक्सलवाद भारतका लागि सबैभन्दा ठूलो आन्तरिक चुनौती हो।"

सन् २०१० को अप्रिल ६ मा माओवादी छापामारहरूले सिआरपिएफको गस्तीलाई दन्तेवाडामा एम्बुसमा पारे। यस आक्रमणमा ७६ जना अर्धसैनिकहरूको मृत्यु भएको थियो। त्यो अवधिमा माओवादीहरूले गरेका आक्रमणहरूमध्ये सबैभन्दा दुर्दान्त आक्रमण चाहिँ सन् २०१३ को मे २५ मा भएको थियो। सलवा जुडुम कार्यक्रमका सञ्चालक तथा कांग्रेस पार्टीका नेता महेन्द्र कर्माको टोलीमाथि माओवादी छापामारहरूले सुकुमा इलाकामा आक्रमण गरे। यस आक्रमणमा महेन्द्र कर्मासहित २४ जना व्यक्तिको हत्या भएको थियो।

राज्यसत्ताको प्रत्याक्रमण

सन् २०१४ पछि भारत सरकारले माओवादी समस्यालाई गम्भीरतापूर्वक लिन थाल्यो। अझ नरेन्द्र मोदीको नेतृत्वमा रहेको भारतीय जनता पार्टीको सरकार आएपछि माओवादीमाथिको दमनले तीव्रता पायो। भारत सरकारले माओवादीहरूको अन्तिम आधार क्षेत्र मानिने बस्तरको अबूझमाड़मा आफ्नो सम्पूर्ण ध्यान केन्द्रित गर्न थाल्यो। अबूझमाड़मा छत्तीसगढको दंतेवाडा, बिजापुर, नारायणपुर र महाराष्ट्रको गढचिरोली जिल्लाहरू पर्छन्। स्थानीय भाषामा "अबूझ" को अर्थ हुन्छ 'बुझ्न नसकिने'।

करिब ४००० वर्ग किलोमिटरमा फैलिएको यो क्षेत्र गोवा राज्यभन्दा पनि ठूलो छ। घना जंगल र पहाडी इलाका भएकाले यो ठाउँ निक्कै दुर्गम मानिन्थ्यो। भारत सरकारले माओवादी विद्रोहलाई निर्मूल गर्नका लागि यस क्षेत्रमा सडकको सञ्जाल र मोबाइल सञ्जालको विस्तार गर्न थाल्यो। त्यहाँ विकास निर्माणका कामहरू तीव्रताका साथ गर्न थाल्यो। साथै माओवादी समस्यालाई राज्य सरकारको मात्र टाउको दुखाइ नमानेर समग्रमा केन्द्र सरकारकै चुनौतीको रूपमा लिन थाल्यो। केन्द्र सरकारले माओवादीविरुद्ध सेनाका हेलिकप्टरहरू र ड्रोनहरूको समेत प्रयोग गर्न थाल्यो।

भारतका गृहमन्त्री अमित शाहले माओवादी समस्यालाई सन् २०२६ को मार्च महिनाभित्र समाप्त गर्ने समयसीमा समेत तोकेका छन्। सरकारको सञ्चालनमा आएको भीषण कारबाहीका कारण माओवादी नेतृत्व समेत दबाबमा पर्न थालेको छ।

विगत केही वर्ष यता भारत सरकारले माओवादीहरूको अन्तिम किल्लाको रूपमा रहेको छत्तीसगढको बस्तर क्षेत्रमा उनीहरूविरुद्ध निर्णायक कारबाही थालेको छ। भारत सरकारले सन् २०२४ को सुरुवातदेखि माओवादीविरुद्ध "अप्रेसन कगार" सुरु गरेको थियो। यो अपरेसनका क्रममा गत वर्ष मात्र छत्तीसगढमा २८७ जना विद्रोहीहरू मारिएका थिए भने यस वर्षका सुरुवाती ३–४ महिनामा मात्रै ११३ जना विद्रोहीहरू मारिएका छन्। विभिन्न मानवाधिकारवादी संस्थाहरू र अनुसन्धानकर्ताहरूले हताहतिको यो तथ्यांकप्रति शंका व्यक्त गर्न थालेका छन्। उनीहरूले किन माओवादीहरू मारिएको तथ्यांक मात्र सार्वजनिक हुन्छ ? घाइते माओवादीहरूको संख्या, पक्राउ परेका वा आत्मसमर्पण गर्नेहरूको संख्या कहिल्यै देखाइदैन भन्ने प्रश्न उठाउन थालेका छन्। हुन पनि हो, केही रिपोर्टहरूका अनुसार मारिनेहरूमा प्रायःजसो सर्वसाधारण आदिवासी रहने गरेका छन्।

भारतका गृह मन्त्री अमित शाहले माओवादी समस्यालाई सन् २०२६ को मार्च महिनाभित्र समाप्त गर्ने समयसीमा समेत तोकेका छन्। सरकारको सञ्चालनमा आएको भीषण कारबाहीका कारण माओवादी नेतृत्व समेत दबाबमा पर्न थालेको छ। केही दिनअघि माओवादी प्रवक्ताले भारत सरकारलाई आफूहरू शान्ति वार्ताको लागि

तयार रहेको पत्र पठाएका थिए। माओवादीका अनुसार, विगत १५ महिनामा मात्र पार्टीका नेता, कार्यकर्ता, छापामार सेना र सर्वसाधारण आदिवासीहरू समेत गरेर करिब ४०० जनाको मृत्यु भएको छ। माओवादीहरूले शान्ति वार्ताका लागि दुईवटा सर्तहरू राखेका छन्। तीमध्ये एक सर्त हो– सरकारले माओवादीविरुद्ध चलाइरहेको सैन्य अपरेसन बन्द गर्नु पर्ने र अर्को सर्त हो– राज्यमा नयाँ सैन्य क्याम्प स्थापना गर्ने कार्य बन्द गर्नु पर्ने। छत्तीसगढ सरकारले आफूहरू पनि वार्ताको लागि तयार रहेको तर वार्ता नि:शर्त हुनुपर्ने जवाफ दिएको छ।

भारत सरकारले माओवादी समस्यालाई किन यति गम्भीरतापूर्वक लिन थाल्यो भन्ने प्रश्न उठ्न सक्छ। माओवादी समस्यामा सुरक्षा चुनौती बाहेक अर्को पक्ष पनि रहेको छ। माओवादीहरूको नियन्त्रणमा रहेको मध्यभारतको जङ्गली इलाकामा प्रचुर मात्रामा खनिज पदार्थहरू रहेका छन्। बस्तर इलाकामा भारतको कुल खनिज पदार्थमध्ये ३८% कच्चा फलाम, १८% म्याग्नेसियम, २०% बाक्साइट, १७% कोइला, ११% डोलोमाइट र ४% हिरा रहेको अनुमान गरिन्छ। यस कुराको संकेत प्रधानमन्त्री मनमोहन सिंहले २०१० मै दिएका थिए। उनले त्यसबेला भनेका थिए– 'नक्सलवादले भारतको मध्यभाग प्रभावित पारेको छ, जहाँ भारतको अधिकांश खनिज पदार्थहरू रहेका छन्। यदि हामीले नक्सलवादलाई नियन्त्रण गर्न सक्दैनौँ भने हामीले प्रतिवर्ष १०–११% विकासदर कायम राख्ने लक्ष्यलाई अलविदा भन्नुपर्छ।'

भारत सरकारले माओवादी समस्यालाई किन यति गम्भीरतापूर्वक लिन थाल्यो भन्ने प्रश्न उठ्न सक्छ। माओवादी समस्यामा सुरक्षा चुनौती बाहेक अर्को पक्ष पनि रहेको छ। माओवादीहरूको नियन्त्रणमा रहेको मध्यभारतको जङ्गली इलाकामा प्रचुर मात्रामा खनिज पदार्थहरू रहेका छन्।

अहिले लडाइँ चलिरहेको बस्तर क्षेत्रमा ठूलो मात्रामा कच्चा फलाम र बाक्साइटका खानीहरू रहेका छन्। त्यहाँ रहेको बाइडलिलाको एउटा पहाडमा मात्रै उच्च गुणस्तरको, सल्फर नमिसिएको १.३ बिलियन टन कच्चा फलाम रहेको छ। यो फलाम अमेरिकालाई २५ वर्षसम्म आपूर्ति गर्न पर्याप्त हुनेछ। टाटा, ईएसआर, अडानी

जस्ता व्यावसायिक समूहहरू त्यहाँको खनिज पदार्थ उत्खनन गर्न तत्पर भएर बसेका छन्। जसका लागि त्यो ठाउँबाट माओवादी विद्रोहीहरूलाई समाप्त पार्नुपर्ने हुन्छ, साथै आदिवासीहरूलाई समेत बेदखल गर्नुपर्ने हुन्छ, जो आफ्नो जल, जमिन र जंगलको हजारौँ वर्षदेखि रक्षा गर्दै आएका छन्। यही खनिज सम्पदाका कारण बस्तर क्षेत्रमा माओवादीविरुद्ध निर्णायक कारबाही सुरु भएको हो।

७० र ८० को दशकमा कम्युनिस्ट आदर्शबाट प्रभावित भएर नक्सलवादी आन्दोलनमा लागेका यस्ता व्यक्तिहरू गुमाउँदा उनीहरूलाई प्रतिस्थापन गर्नु अत्यन्तै मुस्किल हुन्छ। अहिले माओवादी कमजोर हुनुको एउटा प्रमुख कारण दशकौँ लामो संघर्षबाट आएको नेतृत्वलाई प्रतिस्थापन गर्न नसक्नु पनि हो।

केही समययता सिपिआई माओवादी निरन्तर कमजोर हुँदै जानुको पछाडि भारतीय राज्यसत्ताको दमन बाहेक अन्य कारणहरू पनि रहेका छन्। माओवादी पार्टीभित्रको संरचनात्मक कारण पनि यसको लागि जिम्मेवार छ। माओवादी पार्टीको अधिकांश नेतृत्वमा ७० र ८० को दशकबाट संगठनमा जोडिएका व्यक्तिहरू छन्। अधिकांश व्यक्ति अब वृद्ध हुन थालेका छन्। जसमध्ये केहीको वृद्ध अवस्थाका कारण निधन भइसकेको छ भने केही मारिएका छन् र केही गिरफ्तार भएका छन्। १६ वर्षसम्म पिपुल्स वार ग्रुप र माओवादी पार्टीको नेतृत्व गरेका महासचिव गणपति (मुपल्ला लक्ष्मण राव) ले २०१८ मा नेतृत्व परित्याग गरे। त्यसबेला उनको उमेर ६८ वर्षको थियो। त्यसपछि बसवराज (नंबाला केशवराव) माओवादीको महासचिव बने। उनको उमेर अहिले ६७ वर्ष छ। पोलिटब्युरोका अन्य सदस्यहरू पनि ६० वर्षमाथिका छन्। त्यस्तै, अधिकांश केन्द्रीय सदस्यहरू समेत ६० र ७० उमेर समूहका छन्। यी नेताहरू लामो संघर्षबाट खारिएर आएका व्यक्तिहरू हुन्। ७० र ८० को दशकमा कम्युनिस्ट आदर्शबाट प्रभावित भएर नक्सलवादी आन्दोलनमा लागेका यस्ता व्यक्तिहरू गुमाउँदा उनीहरूलाई प्रतिस्थापन गर्नु अत्यन्तै मुस्किल हुन्छ। अहिले माओवादी कमजोर हुनुको एउटा प्रमुख कारण दशकौँ लामो संघर्षबाट आएको नेतृत्वलाई प्रतिस्थापन गर्न नसक्नु पनि हो।

प्रख्यात स्विडिस वामपन्थी पत्रकार जन मिर्डलले माओवादीहरूको समर्थन र प्रशंसा गर्दै एउटा चेतावनी पनि दिएका थिए— माओवादीहरूको प्रभाव दलित र आदिवासीहरूमा मात्र सीमित छ, जुन भारतको जनसंख्याको करिब २५% जति रहेको छ। माओवादीहरूले आफ्नो प्रभाव क्षेत्र बाहिरका मानिसहरूलाई संगठित गर्न सकेनन् भने, र विद्रोह क्रान्तिमा परिणत भएन भने, यी २५% ले अरू धेरै ठाउँमा भएको घटनाको नियति भोग्न बाध्य हुनेछन्।

भारतमा माओवादी आन्दोलन कमजोर हुनुको अर्को कारण उसको रणनीतिक विफलता हो। २१औँ शताब्दीको पहिलो दशकमा माओवादीहरूले अप्रत्याशित र सनसनीपूर्ण सैन्य विजयहरू हासिल गरे। तर यो जितसँगै आफ्नो संघर्षलाई देशका अन्य भागहरूमा विस्तार गर्न सफल भएनन्। भारतको एउटा सीमित क्षेत्र, त्यो पनि आदिवासी बहुल इलाकामा, यो संघर्ष सीमित रह्यो। माओवादी आन्दोलनको यो कमजोरी भारत सरकारका लागि बरदान सावित भयो। सरकारले अहिले माओवादीको आधार इलाकालाई घेराबन्दी गरेर निर्णायक आक्रमण गर्दै यो आन्दोलनलाई समाप्त पार्न खोजिरहेको छ।

माओवादी आन्दोलनको यो कमजोरीलाई प्रख्यात स्विडिस वामपन्थी पत्रकार जन मिर्डलले करिब एक दशकअघि नै औँल्याएका थिए। उनले सन् २०१० मा, ८२ वर्षको उमेरमा भारत आएर मध्य भारतको माओवादी विद्रोह प्रभावित क्षेत्रको जंगलमा हप्तौँसम्म माओवादी विद्रोहीहरूसँग समय बिताएका थिए। उनले माओवादी पार्टीका सर्वोच्च नेता मुपल्ला लक्ष्मण राव (गणपति) सँगको लामो अन्तर्वार्ता समेत गरेका थिए। उनले पछि यो भ्रमणको आधारमा Red Star Over India भन्ने चर्चित पुस्तक लेखे। मिर्डलले माओवादीहरूको समर्थन र प्रशंसा गर्दै एउटा चेतावनी पनि दिएका थिए— माओवादीहरूको प्रभाव दलित र आदिवासीहरूमा मात्र सीमित छ, जुन भारतको जनसंख्याको करिब २५% जति रहेको छ। यदि माओवादीहरूले आफ्नो प्रभाव क्षेत्र बाहिरका मानिसहरूलाई संगठित गर्न सकेनन् भने, र विद्रोह क्रान्तिमा परिणत भएन भने, यी २५% ले अरू धेरै ठाउँमा भएको घटनाको नियति भोग्न बाध्य हुनेछन्। विनाश पनि सम्भव छ। नकारात्मक सम्भावनालाई नजरअन्दाज

गर्नु हुँदैन, किनभने वाशिंगटन, नेटो र दिल्लीको सत्तामा चेतावनीका घन्टीहरू बज्न थालिसकेका छन्। मिर्डलको त्यो चेतावनी अहिले भविष्यवाणी जस्तै सत्य साबित भएका छ।

यस बेलामा भारतीय माओवादीहरुको अवस्था पौराणिक कथा महाभारतका पात्र अभिमन्युको जस्तै भएको छ— अभिमन्यु जो चक्रव्यूहमा पस्न त सक्छ तर बाहिर निस्कन सक्दैन। भारतमा सशस्त्र विद्रोह र शान्तिपूर्ण राजनीति दुवै चलाइरहेका, विभिन्न गुट उपगुट र समूहमा विभाजित रहेका माओवादीहरूले अभिमन्युकै नियति भोग्छन् वा चक्रव्यूह तोडेर बाहिर निस्कन्छन्– त्यो भने इतिहासकै गर्भमा रहेको छ ।

https://dayitwabodh.com/news/detail/160724/



बस्तरमा नरसंहार

आसिस रंजन सेनगुप्ता

क्रान्तिकारी आन्दोलनदेखि प्रहरी ‘इन्काउन्टर’ सम्म गुमुडावेल्ली रेणुकाको संघर्ष

सुकन्या शान्ता

सीपीआई माओवादीका महासचिव वासवराजको हत्या: भारतीय राज्यमाथि एक ठूलो प्रश्न

सीमा आजाद

के भारतमा रातो तारा अस्ताउँदै छ?

अजय के. मेहरा



बस्तरमा नरसंहार

आसिस रंजन सेनगुप्ता

प्रतिबद्ध क्रान्तिकारीहरूले नेतृत्व गरेको आदिवासी विद्रोह अहिले एक निर्णायक चरणमा पुगेको छ।

आदिवासीहरू उपनिवेश कालदेखि नै अस्तित्वको संकटको सामना गरिरहेका छन्। बारम्बार उनीहरूले आफ्ना वासस्थान, वनजङ्गल, नदी, वनस्पति र जीवजन्तुमा अधिकारमाथि भएको आक्रमण विरुद्ध उठ्ने प्रयास गरे। सन्थाल विद्रोह, मुन्डा आन्दोलन, चुआड विद्रोह, मोपला विद्रोह र यस्तै अन्य प्रतिरोध युद्धहरूले लोकतान्त्रिक आन्दोलनको गौरवपूर्ण इतिहास बोकेका छन्।

अपेक्षा गरिएको थियो कि उपनिवेश शासनको अन्त्यपछि स्वतन्त्र भारतको सरकारले

आफ्नै जनताको हितको रक्षा गर्नेछ। तर त्यो सपना अधुरो नै रह्यो। नवस्वतन्त्र राष्ट्रका नाममा एकपछि अर्को गरी बनाइएका कल्याणकारी र आर्थिक विकासका परियोजनाहरू सधैं यिनै आदिवासीहरूको विस्थापन र निष्कासनका माध्यमबाट, वास्तविक पुनर्स्थापना वा क्षतिपूर्ति बिना, तिनीहरूलाई आफ्नो दुर्भाग्यको भरोसामा छोडेर, अगाडि बढाइएका थिए/छन्। सबै खानी परियोजना, बाँध, ब्यारेज, कारखाना र सहरहरू यिनै स्थानीय बासिन्दाहरूको कल्याण वा लाभलाई कहिल्यै ध्यानमा नराखी निर्माण गरिएका छन्।

नवस्वतन्त्र राष्ट्रका नाममा एकपछि अर्को गरी बनाइएका कल्याणकारी र आर्थिक विकासका परियोजनाहरू सधैं यिनै आदिवासीहरूको विस्थापन र निष्कासनका माध्यमबाट, वास्तविक पुनर्स्थापना वा क्षतिपूर्ति बिना, तिनीहरूलाई आफ्नो दुर्भाग्यको भरोसामा छोडेर, अगाडि बढाइएका थिए/छन्।

नाम मात्रका कम्युनिस्ट पार्टीहरू वा संसदीय मार्ग अपनाउने मुख्यधारका राजनीतिक दलहरू, चुनावी दौडधुप, टेलिभिजनको कुरूप बहस, र मैदानमा गरिने र्‍यालीहरूमा व्यस्त रहे पनि, उनीहरूले कहिल्यै यिनको पक्षमा उभिने काम गरेनन्, सिवाय कहिले काँही औपचारिक सहानुभूति प्रकट गर्ने बाहेक।

यहाँसम्म कि आदिवासी विद्रोहहरूलाई निर्दयतापूर्वक दमन गरेपछि समेत ब्रिटिश सरकारले उनीहरूको संरक्षणको आवश्यकता महसुस गरी आदिवासी क्षेत्रमा जमिनको स्वतन्त्र किनबेच प्रतिबन्ध गर्ने कानुन बनाएको थियो। लामो लोकतान्त्रिक आन्दोलन र कानुनी संघर्षहरू पछि, वन अधिकार ऐन (२००६) लागू गरिएको थियो, जसले वन क्षेत्रमा बसोबास गर्ने जनताको अधिकार सुनिश्चित गर्‍यो। सन् १९९६ मा, अनुसूचित क्षेत्र विस्तार सम्बन्धी पंचायत अधिनियम (PESA) आएको थियो, जसले सूचित अनुसूचित क्षेत्रभित्र जमिनको कारोबार वा अवैध अधिग्रहणलाई रोक्न खोजेको थियो। नालसा ऐन (NALSA Act २०१५) आदिवासी जनताको संरक्षण र कल्याणका लागि बनाइएको हो। सिङ्गुर घटनापछि, पहिले नै अस्तित्वमा रहेका भूमि अधिग्रहण सम्बन्धी कानुनहरूलाई अझ सुसंगठित पारिएको थियो, र

सन् २०१३ मा निष्पक्ष क्षतिपूर्ति र भूमि अधिग्रहण, पुनर्वास तथा पुनर्स्थापना ऐन लागू गरिएको थियो। तर सबै सरकारले यस्ता नागरिक कानुनहरूलाई निकै कम ध्यान दिए बरु तिनीहरू ती कानुनहरूलाई कुल्चनमै बढी रुचि देखाए। सन् २०१४ पछि सत्तामा आएको भाजपाको नेतृत्वमा रहेको एनडीए सरकारले देशमा क्रोनी पुँजीवादको उन्मुक्त नृत्य गराउन यी सबै कानूनहरूलाई हावामा उडाइदिएको छ। जनताको पक्षमा र उनीहरूको मुद्दाका लागि लड्ने लेखक, वकिल, कवि र कार्यकर्ताहरूलाई न्यायिक प्रक्रिया बिना नै हत्या गरिन्छ वा थुनिन्छ। गौरी लंकेशदेखि बस्तर जङक्सनका मुकेश चन्द्रकारसम्म, सबैको कथा एउटै छ।

सन् २०१४ पछि सत्तामा आएको भाजपाको नेतृत्वमा रहेको एनडीए सरकारले देशमा क्रोनी पुँजीवादको उन्मुक्त नृत्य गराउन यी सबै कानूनहरूलाई हावामा उडाइदिएको छ। जनताको पक्षमा र उनीहरूको मुद्दाका लागि लड्ने लेखक, वकिल, कवि र कार्यकर्ताहरूलाई न्यायिक प्रक्रिया बिना नै हत्या गरिन्छ वा थुनिन्छ।

घोषित माओवादीहरू नै एक मात्र संगठन हुन् जसले करिब सात दशकदेखि यी असहाय जनताको पक्षमा एक्लै संघर्ष गरिरहेका छन्। तर समस्या के छ भने, उनीहरूले रुपमा र केवल हतियारको बलमा पार्टी चलाइरहेका छन्। यो रणनीति आंशिक रूपमा बाध्यताबाट र आंशिक रूपमा रोजाइबाट आएको हो। अतीतमा, कम्तीमा पनि तिनीहरूको नेतृत्त्वको एउटा प्रमुख धाराले वार्तामार्फत शान्ति सम्झौतामा पुग्ने प्रयास गरेको थियो, तर कुनै पनि सरकारले इमान्दार प्रयास देखाएन, बरु आमन्त्रित वार्ताकारहरूलाई धोकापुर्वक हत्या गरियो।

एकताका माओवादीहरू महाराष्ट्रदेखि केरला हुँदै मध्यप्रदेश (छत्तीसगढ), आन्ध्र (तेलङ्गाना) सम्म रेड करिडोर बनाउन सफल भएका थिए। तर लामो समयदेखि राज्यद्वारा गरिएको निर्मम दमन, गतिशीलताको अभाव, कुनै खुला संगठन नहुँदा जनसमर्थनको कमीका कारण, गोप्य संगठनहरूमा सीमित रहनाले, उनीहरूको सञ्चालन क्षेत्र सङ्कुचित हुँदै गएको छ, र हाल बस्तर र आसपासका आदिवासी

क्षेत्रहरूमा मात्र सिमित भएको छ।

अघिल्ला र वर्तमान सरकारहरू, चाहे राज्य सरकार होस् वा केन्द्रीय, दुबैले तिनीहरूलाई 'आतङ्ककारी' भनेर चिनाउन कुनै कसर बाँकी राखेका छैनन्, अन्यत्र सञ्चालन भइरहेका इस्लामी वा विद्रोही आतङ्ककारी समूहहरूसँग बराबरी गर्दै । यद्यपि यसको चरित्र पूर्ण रूपमा फरक छ — यो छिटपुट आतङ्कवादी हमला होइन, दीर्घकालीन युद्धको रूप हो, र न कुनै धर्मसँग पनि सम्बन्धित छैन।

हालको नव-फासिस्ट शासक वर्ग, जसको गृह मन्त्री विषाक्त छ, उसले भारतका मूलबासी जनतामाथि लज्जास्पद रुपमा सम्पूर्णको युद्ध घोषणा गरेको छ। शहर वा नगरीय क्षेत्रमा रहेका सहानुभूतिकर्ताहरू, जसले यी गरिब जनताको वैध माग र अधिकारमा इमान्दारीपूर्वक ऐक्यबद्धता जनाएका थिए, तिनीहरूलाई 'अर्बन नक्सल' को लेबल दिइयो, जसले अनाहकमा साठिको दशकको गौरवपूर्ण नक्सलबारी विद्रोहलाई अमर बनाइदिएको छ। शासकहरू अझै पनि नक्सलबारीको दुःस्वप्नबाट त्रसित छन्।

अघिल्ला र वर्तमान सरकारहरू, चाहे राज्य सरकार होस् वा केन्द्रीय, दुबैले तिनीहरूलाई 'आतङ्ककारी' भनेर चिनाउन कुनै कसर बाँकी राखेका छैनन्, अन्यत्र सञ्चालन भइरहेका इस्लामी वा विद्रोही आतङ्ककारी समूहहरूसँग बराबरी गर्दै ।

गोप्य संगठनमा मात्र निर्भरता, र खुला जन आन्दोलनको बाटोलाई पूर्ण रूपमा छाड्नुको सीमा आज स्पष्ट देखिन थालिसकेको छ। नक्सलबारी, वसन्तको गर्जन, तेलङ्गाना र तेभागा जस्ता मुख्यतः किसान आन्दोलनहरूको परिणति थियो, नक्सलबारी पनि त्यस्तै किसानको आक्रोश थियो। तर दुर्भाग्यवश, विगतमा आत्मघाती साना बुर्जुवा नेतृत्त्वबाट प्राप्त धोका र घातका कारण, नेताहरूले जनआन्दोलनको मार्ग पूर्ण रूपमा त्यागे। सुरुमा यस्ता सही लक्ष्यहरूमा प्रहार गरेर ठूलो प्रभाव परेको थियो, तर अनुभवले देखायो कि यस्ता गोप्य सशस्त्र गतिविधिहरूले दीर्घकालमा जनसमूहबाट एक्लोपन र अलगाव सिर्जना गर्दछ, जसको परिणाम

स्वरूप ठूलो क्षति हुन्छ।

शहर वा नगरीय क्षेत्रमा रहेका सहानुभूतिकर्ताहरू, जसले यी गरिब जनताको वैध माग र अधिकारमा इमान्दारीपूर्वक ऐक्यबद्धता जनाएका थिए, तिनीहरूलाई 'अर्बन नक्सल' को लेबल दिइयो, जसले अनाहकमा साठिको दशकको गौरवपूर्ण नक्सलबारी विद्रोहलाई अमर बनाइदिएको छ।

समकालीन इतिहासमा, बेलायतको आइरिश रिपब्लिकन आर्मी (IRA) वा श्रीलंकाको तमिल ईलाम (LTTE) को संघर्षहरू, सारा बलिदानपूर्ण सहादतकाहरूका बाबजुद पनि फलदायी परिणाम ल्याउन सकेनन्।

अर्कोतर्फ, केवल कानुनी र सरकारी प्रक्रियामा भर पर्दा पनि सीमित परिणाम मात्रै निकाल्न सकिन्छ। यसको उदाहरण हो — मेधा पाटकरको नेतृत्वमा सञ्चालित नर्मदा बचाओ आन्दोलन। कडा संघर्ष र दृढ नेतृत्त्व हुँदाहुँदै पनि, अन्ततः उनीहरूले चाहे जस्तै क्षतिपूर्ति वा पुनर्वास प्याकेजहरू प्राप्त गर्न सकेनन्। उच्च वर्गका पूर्वाग्रही न्यायाधीशहरूले ती लडाकुहरूलाई 'बाँध विरोधी आन्दोलनकारी' (जसले चाखलाग्दो ढंगले 'उत्पीडन विरोधी' नभई 'बाँध विरोधी' भनेर चिन्हित गरे) भनेर तुच्छ ठहर गरे र परियोजनाको पक्षमा निर्णय सुनाए। त्यो परियोजना गुजरातमा सञ्चालन भइरहेका ठूला कर्पोरेटहरूलाई लाभ पुर्‍याउने गरी बनाइएको थियो, जबकि मध्यप्रदेशका विशाल विस्थापन क्षेत्रहरूमा, जहाँका जनताले पुस्तौँदेखि संगालेका साना सम्पत्तिसमेत गुमाए, त्यहाँका जनताले सबैथोक गुमाए। उनीहरूलाई बेघर, भूमिहीन र आजीविकाहीन बनाइयो, जसलाई अहिले 'विकास शरणार्थी' भनेर चिनिन्छ — यो 'विकास' भन्ने शब्दका नाममा गरिएको जनविरोधी, कर्पोरेट शैलीको नयाँ विकास अवधारणामा थपिएको नयाँ शब्द हो, जुन आजको बृहत अर्थशास्त्रमा 'वृद्धि' (growth) को नाममा बर्णन गरिन्छ। यी पीडित जनसमूहहरू यस्ता निर्दयी विकास मोडेलका अनिवार्य सह उत्पादन हुन्।

बस्तरको पतनसँगै, जुन सायद अब टार्न सकिँदैन, अन्तिम प्रतिरोधको गढ पनि

विघटन हुने सम्भावना छ। सबैलाई डर लागेको छ कि पूरा मध्य भारतका प्राकृतिक स्रोतहरू स्वतन्त्र कर्पोरेट लुटको लागि खुला छाडिनेछ, जसले आदिवासी जनतालाई अनन्त दुःख र संकटमा धकेल्नेछ। त्यसैले अहिले आवश्यक छ — कानुनी र गैर-कानुनी संघर्षको उपायहरूको कुशल संयोजन।अतीतका सफलताको अभिलेखहरूले पनि यो रणनीतिको प्रमाण दिन्छन्। हाल र भविष्यका सक्रिय नेताहरूले यसलाई दिमागमा राख्नैपर्छ। यो समय आत्मसमीक्षा गर्ने उत्तम अवसर हो — शायद अहिले नभए कहिल्यै पनि होइन, किनभने बस्तरमा जनताको संघर्ष सायद अहिलेका लागि त निभ्न सक्छ सक्नेछ, भविष्य अनिश्चित छ।

बस्तरको पतनसँगै, जुन सायद अब टार्न सकिँदैन, अन्तिम प्रतिरोधको गढ पनि विघटन हुने सम्भावना छ। सबैलाई डर लागेको छ कि पूरा मध्य भारतका प्राकृतिक स्रोतहरू स्वतन्त्र कर्पोरेट लुटको लागि खुला छाडिनेछ, जसले आदिवासी जनतालाई अनन्त दुःख र संकटमा धकेल्नेछ।

भिमा-कोरेगाउँ जस्तो बनावटी मुद्दामा, राज्यविरुद्धको झुटा षड्यन्त्र आरोप लगाई, सबै प्रमुख लेखकहरू, कविहरू, पत्रकारहरू, कार्यकर्ताहरू, वकिलहरू, प्रवक्ताहरूलाई फसाइयो र जेल हालियो वा हत्या गरियो, यसरी आतङ्कको शासन स्थापना गरिएको छ।

ती बहादुर बौद्धिक वर्ग, विद्यार्थीहरू आदि, जसले द्वन्द्व क्षेत्रका जनतासँग सहानुभूति राख्छन्, व्यावहारिक हिसाबले न कुनै 'वादी' हुन्, न कुनै चरमपन्थी। उनीहरू केवल पीडित जनतासँग सहानुभूति प्रकट गर्छन्, सताइएका जनतालाई र विशेष गरी महिलाहरूलाई कानुनी सहायता उपलब्ध गराउँछन्, जो सधैँ छापा, घर भत्काइ, गैरकानुनी गिरफ्तारी र हिरासत यातनाको सिकार हुन्छन्। उनीहरू गरिब, असहाय जनहरू हुन्, जो कानुन र नियमप्रति अज्ञान छन्।सुरक्षाबलहरूले उनीहरूको यो असहायपनको फाइदा उठाई गैरकानुनी यातना दिन्छन्।

केही शहरी वा नगरीय कार्यकर्ताहरूको सहानुभूति कुनै 'वाद'प्रति भन्दा पनि ती बेचैन जनताप्रति बढी हुन्छ, जसलाई चरमपन्थी बाटो रोज्न बाध्य पारिएको छ, पूर्ण निराशाबाट। असल कुरो के छ भने, यिनै शहरी कार्यकर्ताहरूले धेरैलाई मूलधारमा फर्काउन सफल प्रयास गरेका छन्।

तर, दुर्भाग्यवश यी सहानुभूतिशीलहरूलाई यस्तो ढंगले प्रस्तुत गरिन्छ, मानौं उनीहरू राज्यविरुद्ध छन्, जबकि उनीहरू त वास्तवमा राज्यलाई नै कानुनी शासन स्थापनामा सहयोग गरिरहेका हुन्छन्, जुन शासन प्रायः कानूनका संरक्षक र निर्माताहरूद्वारा उल्लङ्घन गरिन्छ।

सुरक्षा बलहरूले माओवादीहरू नष्ट गर्ने नाममा निर्दोष नागरिकहरूलाई मार्दै र तिनका बासस्थानहरू ध्वस्त गर्दैछन्। यसलाई कुनै हालतमा पनि विरोध र प्रतिरोध गर्नुपर्छ, अहिलेको समयको यही आह्वान हो।

यो बुझ्नुपर्छ कि विश्व समुदायको चेतना हमास वा तिनका नेताहरूको पक्षमा होइन, इजरायलका विरुद्ध जागेको हो — जसले हमास नष्ट गर्ने बहानामा जनतालाई मार्दैछ र नागरिक संरचनाहरू ध्वस्त गर्दैछ। यही कुरा बस्तरका वन र आदिवासी जनताको सम्बन्धमा पनि सत्य हो — सुरक्षा बलहरूले माओवादीहरू नष्ट गर्ने नाममा निर्दोष नागरिकहरूलाई मार्दै र तिनका बासस्थानहरू ध्वस्त गर्दैछन्। यसलाई कुनै हालतमा पनि विरोध र प्रतिरोध गर्नुपर्छ, अहिलेको समयको यही आह्वान हो।

बस्तर क्षेत्र यसरी पूर्ण एक्लोपनाबाट पीडित हुँदैछ। सबै रिपोर्टरहरू प्रतिबन्धित छन्, एकजना मात्र साहसी पत्रकार, जसले 'बस्तर जंक्शन' नामक युट्युब च्यानलमार्फत रिपोर्टिङ गरिरहेका थिए, हत्या गरिएको छ। यस्तो घेराबन्दी गरिएको क्षेत्र सिर्जना गरेर, जहाँ प्रवेश वा बाहिर निस्कन निषेध गरिएको छ, त्यहाँ ड्रोन बमबारी, २४ घण्टा निगरानी, खोजी, दैनिक छापा, घरहरू नष्ट गर्ने, महिलाहरूमाथि दुर्व्यवहार गर्ने र बालबालिकाहरू सहित पुरुषहरूको अन्धाधुन्ध हत्या गर्ने जस्ता भयानक घटनाहरू निम्त्याउन सेनाहरू तैनाथ गरिएको छ। कथित माओवादीहरूलाई नष्ट गर्ने

नाममा, कुनैपनि प्रतिरोध वा विरोधको अवसर बिना, शीतल रक्तपातका साथ पूर्ण नरसंहार भइरहेको छ।

एउटा कुरो ध्यान दिनुपर्छ — 'माओवादी'हरू कहिल्यै समातिएका वा घाइते भएका देखिँदैनन्, सधैं मारिएका देखिन्छन्। लासहरूसँगै फोटोहरूमा अत्याधुनिक घातक हतियारहरू बरामद गरिएको भनी देखाइन्छ । जसलाई अर्धसैनिक बलहरूको सफलताको रूपमा प्रचार गरिन्छ, तर तीमध्ये धेरैजसो, वा सायदै कोही, घाइते वा मरेका देखिन्छन्।

हरेक दिन मूलधारका मिडियाले २० हिजो, ३० आज जस्ता मृत्यु सङ्ख्याहरू प्रकाशित गरेर माओवादीहरूको मृत्युको सफलता उत्सव मनाइरहेका छन्। वास्तविकतामा, माओवादीहरूसँगै निर्दोष गाउँलेहरू पनि निसंकोच मारिएका छन्। एउटा कुरो ध्यान दिनुपर्छ — 'माओवादी'हरू कहिल्यै समातिएका वा घाइते भएका देखिँदैनन्, सधैं मारिएका देखिन्छन्। लासहरूसँगै फोटोहरूमा अत्याधुनिक घातक हतियारहरू बरामद गरिएको भनी देखाइन्छ । जसलाई अर्धसैनिक बलहरूको सफलताको रूपमा प्रचार गरिन्छ, तर तीमध्ये धेरैजसो, वा सायदै कोही, घाइते वा मरेका देखिन्छन्। त्यसैले लामो समयसम्मको पीछा, भयंकर झडप, लामो समयसम्म बन्दुकको लडाइँ, गोली हानाहान र खतरनाक मुठभेड आदि जस्ता काल्पनिक कथाहरू पर्दाफास भएका हुन्छ। यी केवल निर्दयी सामूहिक हत्याहरू हुन्, न बढी न कम।

गर्वित गृहमन्त्री आफ्नो २०२६ भित्र माओवाद अन्त्य गर्ने आश्वासन पूरा गर्न नजिक पुगेकोमा उल्लासित छन्। यसका लागि उनी आफ्ना आदर्श हिटलरको 'अन्तिम समाधान' नीतिको ढाँचामा घातक आक्रमण सञ्चालन गरिरहेका छन् — जहाँ हिटलरको लक्ष्य यहूदीहरू थिए, र यहाँ गरिब आदिवासीहरू छन्।

आधिकारिक प्रगतिशील पार्टीहरू र सामाजिक सञ्जाल प्लेटफर्महरू, पक्कै पनि इमान्दारीपूर्वक, प्यालेस्टाइनी पीडितहरू र गाजाका जियोनिस्ट प्रतिशोधका

शिकारहरूप्रति अत्यन्त भावुक भएका छन्, वास्तवमै बंगलादेशको अवस्थाबाट धेरै प्रभावित छन्, तर आज बस्तरमा भइरहेको नरसंहारप्रति भने सुस्पष्ट रुपमा मौन छन्।

इतिहासका सबै शासकहरू र अधिनायकहरुले सदैव न्यायपूर्ण र लोकप्रिय जनविद्रोहहरूहरूलाई निर्दयी तरिकाले समाप्त गर्ने सपना देखेका थिए, तर अन्ततः उनीहरूले आफू र आफ्नो अत्याचारी शासनहरूको विनाश आमन्त्रित गरेका छन्। इतिहास दोहोरिन्छ, सायद, फरक तरिकाले।

Source:- Frontier Weekly. Main image: https://assets.thehansindia.com

https://dayitwabodh.com/news/detail/160762/



क्रान्तिकारी आन्दोलनदेखि प्रहरी ‘इन्काउन्टर’ सम्म गुमुडावेल्ली रेणुकाको संघर्ष

सुकन्या शान्ता

दक्षिणी छत्तीसगढको बीजापुर जिल्लामा प्रहरीको फाइरिङमा परि ३१ मार्चका दिन गुमुडावेल्ली रेणुकाको मृत्यु भएको छ । दन्तेवाडा प्रहरीका अनुसार उनी ‘दोहोरो फारिङ’ मा मारिएकी हुन्, तर यस क्षेत्रमा प्रहरीले गर्ने दाबि नै संदिग्ध हुने गरेको छ ।

(गुमुडावेल्ली रेणुकाको हत्या र उनको जीवन संघर्षले आजको तत्कालिन भारतीय सत्ताको चरित्र र ओडिसा, छत्तीसगढ, आन्ध्र प्रदेश, तेलंगाना र कर्नाटकामा व्याप्त सामाजिक, आर्थिक एवंम जातिय विभेदको जकडिएको जालोको कथा बयान गर्छ । उनको हत्यामा भारतीय सत्ता मात्रै जोडिदैन, ती प्रान्तहरुमा रहेका खनिज संशाधनको दोहनमा कर्पोरेट निगमहरु राज्यसँग मिलेर कसरी त्यहाँका आमनागरिकहरुको विस्थापनमा, शोषणमा र अन्ततः हत्यामा संलग्न छन् भन्ने पनि उजागर गर्छ ।

गुमुडावेल्ली रेणुकाको कथा त्यस क्षेत्रमा जन्मिएका अधिकांश भारतीय दलित महिलाको संघर्ष कथा हो । तर, त्यस क्षेत्रका सबै महिलाले रेणुकाको मृत्यु हासिल गर्न सक्दैनन् । विश्वकै चौथो ठूलो अर्थतन्त्र तथा महत्वपूर्ण शक्तिका रुपमा प्रचारित भइरहेको भारतमा दन्तेकथाका जस्ता विभेद र हत्याश्रृंखला राज्यबाटै कसरी प्रायोजित हुने गर्छन् भनेर बुझ्न यो कथा महत्वपूर्ण हुन सक्छ ।– सम्पादक)

मुम्बईः सन् १९८० को दशकमा आन्ध्र प्रदेशको वरङ्गल जिल्लामा युवाहरु विद्यालय र विश्वविद्यालयको अध्ययन बिचैमा छाडेर सशस्त्र संघर्षमा होमिन्थे र यस परिघटनालाई सामान्य रुपमा लिइन्थ्यो, विशेषतः कोडावेन्डी गाउँमा । प्रत्येक घरमा तपाईंले यस्तै कथा पाउनु हुन्छ ।

८० कै दशकको आरम्भमा तेलंगाना संघर्षको दोस्रो चरण आफ्नो चरममा थियो । र, कोडावेन्डी, तेलंगाना र माओवादी आन्दोलन दुबैको केन्द्रका रुपमा चिनिन थालिसकेको थियो । तर, गुमुडावेल्ली रेणुकाले यो दुबै आन्दोलनको बाटो चुनिनन् । ती आन्दोलन आफू जस्तै दलित, भूमिहिनका लागि हो भनेर पनि कहिल्यै सोचेकी थिइनन् ।

रेणुका पढ्न चाहन्थिन् । उनी भर्ना भएर कलेज मात्रै के पुगेकी थिइन, आमाबुबाले उनको विवाह गराई दिने निर्णय लिए । छिट्टै विवाह नगरिदिने हो भने भाई जीवीके प्रसादझै आन्दोलनमा पो होमिने हो कि भन्ने आमाबुबालाई त्रास थियो ।

तर, त्यो विवाह धेरै अघिसम्म जान सकेन । उनका पति लगातार उनीमाथी हिंसा गरिरहन्थे । आजित भएर रेणुकाले सम्बन्धविच्छेद गर्ने निर्णय गरिन् । ‘सधैं हामी मात्रै कुटिनु पर्ने ?’ भन्दै रेणुकाले पहिलो पटक पितृसत्तामाथि प्रश्न उठाइन् । झण्डै १० वर्ष पहिले सशस्त्र संघर्षको बाटो त्यागिसकेका प्रसादले राज्यसामु आत्मसमर्पण गरिसकेका छन् । आजका दिन उनी तेलगु भाषामा प्रशारण हुने च्यानलमा पत्रकारका रुपमा काम गर्छन् ।

दक्षिणी छत्तीसगढको बीजापुर जिल्लामा प्रहरीको फाइरिङमा परी ३१ मार्चका दिन



गुमुडावेल्ली रेणुकाको मृत्यु भयो । दन्तेवाडा प्रहरीका अनुसार उनी 'दोहोरो फारिङ' मा मारिएकी हुन् । तर यस क्षेत्रमा प्रहरीले गर्ने दावी सधै संदिग्ध हुने गरेको छ ।

प्रसादका अनुसार ५४ वर्षीया रेणुका नक्सल आन्दोलनको सार्वजनिक मोर्चामा रहेर काम गर्ने कार्यकर्ता तथा भूमिगत गुरिल्ला दुबै रुपमा उनले झण्डै तीन दशक बिताइन् । उनी लघुकथा तथा निबन्ध लेखी रहन्थिन् र धेरै मसिनोगरी काम गर्ने राम्रो पत्रकार थिइन् ।

जतिबेला उनको हत्या भयो, त्यति बेला रेणुका दण्डकारण्य विशेष जोनल कमिटीकी सदस्य थिइन् । र, उनीमाथि राज्यले ४५ लाख इनाम तोकेको थियो । २५ लाख छत्तीसगढ सरकारद्वारा र २० लाख तेलंगाना सरकारद्वारा ।

गुमुडावेल्ली समुदायका मानिस पद्मशाली वा बुनकर समुदायका हुन् । यो समुदाय तेलंगाना र आन्ध्र प्रदेशमा पिछडिएका समुदायमा वर्गीकृत छ । कडावेन्डी गाउँमा मिश्रित बसोबास छ । धेरैजसो परिवार भूमिहीन छन्, कसैसँग जमिन छ भने पनि निकै न्यून छ । प्रसाद भन्छन्, 'कतिसम्म भने गाउँमा रेड्डी (सामान्यतया जमिन्दार समुदाय) हरु पनि भूमिहिन छन् ।'

एक पटक उहाँले मलाई चिठ्ठी लेख्नुभयो, जसमा पितृसत्तालाई मार्क्सवादले कसरी हेर्ने गर्छ र पितृसत्तात्मक प्रणाली भित्र महिलाले गर्ने दैनन्दिनको संघर्षलाई मार्क्सवादले कसरी बुझ्ने गर्छ भनेर सोधिएको थियो ।

प्रसाद सन् १९८० को दशकको मध्यमा नक्सल आन्दोलनमा जोडिएका थिए । उनी आन्दोलनमा होमिदै गर्दा उनी विद्यालयमा पढ्ने गर्थे । उनी भन्दा दुई वर्षले कान्छी रेणुकाको राजनीति र आन्दोलनप्रति कुनै झुकाव थिएन । द वायरसँग कुराकानी गर्दै प्रसादले भने, 'पारपाचुकेपछि उहाँले पारिवारिक संरचनाहरुमाथि सवाल उठाउन थाल्नुभयो ।'

एक पटक उहाँले मलाई चिठ्ठी लेख्नुभयो, जसमा पितृसत्तालाई मार्क्सवादले कसरी हेर्ने गर्छ र पितृसत्तात्मक प्रणाली भित्र महिलाले गर्ने दैनन्दिनको संघर्षलाई मार्क्सवादले कसरी बुझ्ने गर्छ भनेर सोधिएको थियो । जे होस, उहाँभित्र मन्थन सुरु भइसकेको थियो । भत्किएको विवाह सम्बन्धले उहाँलाई पूर्ण रुपमा स्वतन्त्र बनाई दिएको थियो ।

त्यसपछि छिट्टै उहाँ कानुनको अध्ययन गर्न दुर्गम जिल्ला मानिएको चितूर गइन् । कानुनको अध्ययन गर्दै गर्दा रेणुका एउटा महिला समूह–महिला शक्तिको हिस्सा बनिन् । त्यो समूहले महिलामाथि हुने हिंसा, दाइजो, तथा अत्याचारबाट पीडित

महिलाहरुलाई सहयोग गर्ने गर्थ्यो । हेर्दा–हेर्दै त्यसपछि रेणुले क्रान्तिकारी मासिक पत्रिका 'महिला मार्गम्' मा लेख्न शुरु गरिन् ।

सन् १९९६ सम्म आइपुग्दा त्यस भेगमा हुने शोषण र अत्याचारको अनियन्त्रित शासनले रेणुकालाई भूमिगत रुपमा नक्सल आन्दोलनमा जोडिएर काम गर्नैपर्ने बनाइदियो । उनी लघुकथाहरु लेख्थिन् र बैठकहरु बोलाएर भूमिगत माओवादीहरुको परिवारलाई कानुनी सहायता उपलब्ध गराउँथिन् ।



कानुनको अध्ययन पूरा गरेपछि उनी विशाखापत्तनम गइन् । त्यहाँ उनले अधिवक्ताको काम गरिन् । सन् १९९६ सम्म आइपुग्दा त्यस भेगमा हुने शोषण र अत्याचारको अनियन्त्रित शासनले रेणुकालाई भूमिगत रुपमा नक्सल आन्दोलनमा जोडिएर काम गर्नैपर्ने बनाइदियो । उनी लघुकथाहरु लेख्थिन् र बैठकहरु बोलाएर भूमिगत माओवादीहरुको परिवारलाई कानुनी सहायता उपलब्ध गराउँथिन् ।

रेणुका धेरै नामले कथा, लेख, रिपोर्ताज लेखिरहन्थिन् । कुरा सन् २००३ को आरम्भिक दिनहरुको हो, जब उनका कान्छा भाइ आफ्ना आमाबुबासँग प्रसादलाई भेट्न जंगल जाँदै थिए । त्यतिबेला राज्यले प्रसादलाई भगौडा घोषणा गरेर उनीविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो । त्यसबेला प्रहरीले सबैलाई पक्राउ गर्‍यो । र, रेणुकाका भाइलाई प्रहरीले विशेष यातना दियो ।

त्यसबेला रेणुकाले आफ्नो कानुनी शिक्षा प्रयोग गरी भाइलाई गैरकानुनी हिरासतबाट मुक्त गराइन् । त्यो घटनामा दमयन्ती नाम गरेकी एक युवतीलाई प्रहरीले मुठभेडमा मारिएको भनेर हत्या गरिदियो । त्यसपछि रेणुकाले बी.डी. दमयन्ती नामबाट पनि लेख्न थालिन् ।

प्रसाद भन्छन्, 'उहाँको पत्रकारिता सम्बन्धी धेरैजसो लेखन (पार्टीको मुखपत्रमा प्रकाशित हुने) यही नामबाट हुन्थ्यो ।'

प्रसादका अनुसार रेणुकाका केही उत्कृष्ट लेखहरूमा– 'सरकार–प्रायोजित मिलिसिया समूह सलवा जुडुमले बस्तरका आदिवासीहरूमा गरेको हिंसाको स्थलगत रिपोर्ट, आदिवासी समुदायले भोग्नु परेको विस्थापन, स्रोतहरुको समस्या आदिबारे पर्छन् । पछि उनले 'मिडको' नामबाट लघुकथाहरू लेखिन् । गोन्डी भाषामा यसको अर्थ 'जुनकिरी' हुन्छ । पछि पार्टीभित्र उनी 'भानु' र 'चैते' नामले प्रख्यात थिइन् ।

सन् २००३ को अन्त्यतिर आन्ध्र प्रदेशका तत्कालीन मुख्यमन्त्री एन. चन्द्रबाबु नायडुमाथि गरिएको 'हत्या प्रयास' पछि राज्यभर अत्याधिक गिरफ्तारीहरु भए । त्यसै समय उनका कान्छा भाइलाई प्रहरीले फेरी समायो । उनलाई हिरासतमा यातना दिइयो, तर अन्ततः सबै आरोपबाट मुक्त गरियो । त्यसपछि उनी वकिल बनेर मानवअधिकारको क्षेत्रमा काम गर्न थाले । उता रेणुकाले भूमिगत हुने निर्णय गरिन् ।

सन् २००४ मा उनी गुरिल्ला आन्दोलनमा सामेल भइन् । दुब्लो–पातलो देखिने रेणुकाले चाँडै हतियारको तालिम लिइन् । प्रसादका अनुसार, जब उनीहरू दुबै भूमिगत थिए, उनीहरुबिच निकै अप्ठेरोगरी भेट हुन्थ्यो । 'हामी फरक इकाइ र फरक

भूगोलमा पार्टीको काम गर्थ्यौं,' उनी सम्झिन्छन् ।

भारतको सशस्त्र कम्युनिस्ट आन्दोलनमा सामेल भएपनि रेणुका भित्र प्रेमको खोज सकिएको थिएन । सन् १९९७ तिर, जब उनी शहरी आन्दोलनमै थिइन्, पार्टीका एक वरिष्ठ नेताले उनलाई सन्तोष रेड्डी (महेश) सँग विवाह गर्न सुझाव दिए । सन्तोष त्यतिबेला पार्टीको आन्ध्र प्रदेश राज्य समिति सचिव र केन्द्रीय समिति सदस्य थिए । रेणुकालाई पुर्याइएको कुरा महेशलाई पनि पुयाइएको थियो ।

उनीहरुले पार्टीको अनुमतिमै विवाह गरे । तर, त्यो विवाह उनीहरुले गोप्य राख्नु पर्ने बाध्यता थियो ।

सन्तोष पनि कडावेन्डी गाउँकै भएपनि दुबैबिच पहिले कहिल्यै भेट भएको थिएन । उनी सानै उमेरमा आन्दोलनमा होमिएका थिए र गाउँ छाडिसकेका थिए । सन् १९९७ मै रेणुका आन्ध्र प्रदेशको नल्लमाला जंगलमा सन्तोषलाई भेट्न गइन् । उनी पार्टीको तिरुपति इकाइमा आइरहेका समस्याहरू समाधानका लागि सुझाव लिन त्यस क्षेत्रमा गएकी थिइन् । त्यहीँबाट दुबैबिच प्रेमको अंकुरण भयो ।

सन्तोष पार्टीका वरिष्ठ तथा पूर्ण भूमिगत नेता थिए र रेणुका शहरमा काम गर्ने अर्धभूमिगत कार्यकर्ता । उनीहरुले पार्टीको अनुमतिमै विवाह गरे । तर, त्यो विवाह उनीहरुले गोप्य राख्नु पर्ने बाध्यता थियो । अन्ततः सबैबाट विवाह भएको कुरा लुकाएर राखियो ।

तर, समय सधै एकनासको कहाँ हुन्छ र ? २ डिसेम्बर १९९९ मा सन्तोष प्रहरीको कथित 'मुठभेड़' मा मारिए । प्रसाद भन्छन्, 'रेणुका सबैका अगाडि आफ्नो विवाहको कुरा न खोलेर भन्न सकिन, न त खुलेर रुन सकिन् । उनको प्रेम कथाको दुःखद अन्त्य हाम्रै आँखा अघिल्तिर भयो । उनले सन्तोषलाई साँचो मनले माया गरेकी थिइन् ।'

सन् २००५ मा रेणुकाले अर्को एक पार्टी नेतासँग विवाह गरिन् । सन् २०१० मा प्रहरीद्वारा उनको पनि हत्या गरियो । रेणुकालाई सम्झँदै प्रसाद भन्छन्, 'सबैलाई

लाग्छ रेणुका मेरै कारणले सशस्त्र आन्दोलनमा लागेकी हुन्, तर त्यो सत्य होइन । उहाँ भित्र विस्तार हुँदै गरेको चेतना र प्रश्न उठाउन सक्ने क्षमताकै कारण उहाँ आन्दोलनमा लाग्नु भयो ।'

'भारतीय समाजमा हुने गरेका विभेद र अत्याचारका फेहरिस्त धेरै लामा छन् । त्यसैले जो कोही आफ्नो अस्तित्वका लागि आन्दोलनमा लाग्नु पर्ने बाध्यता छ ।'

उनी भन्छन्, 'उहाँ स्वतन्त्र सोच राख्ने मान्छे हुनुहुन्थ्यो, यस्ता मानिसलाई जहिल्यै आफ्नो वर–पर भइरहेका घटनाले प्रभावित पार्ने गर्छन् । भारतीय समाजमा हुने गरेका विभेद र अत्याचारका फेहरिस्त धेरै लामा छन् । त्यसैले जो कोही आफ्नो अस्तित्वका लागि आन्दोलनमा लाग्नु पर्ने बाध्यता छ ।'

यस महिनाको सुरुमा जब रेणुकाको मृत्युबारे तेलंगानाका एक प्रहरी अधिकृतले प्रसादलाई फोन गरे, उनी आफ्नो कार्यालयमा काम गरिरहेका थिए । उनी भन्छन्, 'यो खबरले मलाई झस्कायो । तर, उहाँको अन्त्य यो आन्दोलनमा लाग्नेको नियति हो । हामीले पहिल्यै यसको पूर्वानुमान गरेकै थियौं ।'

प्रसाद भन्छन्, 'बस्तर क्षेत्रमा कुनै पनि भिडन्तको समाचार आउन साथ प्रत्येक बिहान मेरी श्रीमती सबै पत्र–पत्रिका र टेलिभिजन चाहरिरहन्थिन् । हैदराबादमा बस्ने मेरी आमा पनि त्यही गर्नु हुन्थ्यो । बितेको एक वर्षमा मात्रै सरकारले माओवादी आन्दोलनमा जोडिएको नाममा सयौं मानिसको निर्मम हत्या गरिदिएको छ । न कुनै संवाद, न त कुनै सुनवाई ! सोझै हत्या ।'

प्रसाद रेणुकाको शव लिन दन्तेवाडा गएका थिए । प्रहरीले उनको शवलाई पोलिथिनको झोलामा प्याक गरेर प्रदर्शनीका लागि राखेको थियो । प्रसाद भन्छन्, 'उहाँको शव हेर्नु अघिसम्म उहाँ आफ्ना साथीहरुसँगै मारिनु भएको हो भन्ने लागेको थियो । किनभने एक दिनअघि मात्रै छेवैको सुकमा जिल्लामा १७ जना नक्सली मारिएको खबर आइरहेको थियो । तर, पछि होइन रहेछ भन्नेमा म ढुक्क भएँ ।'



उनी थप्छन्, 'रेणुका कहिल्यै कानमा बाली, कुण्डल लगाउँदिनथिन्, न त निधारमा टिका । तर, उनको शवमा त्यो सबै पहिरिएकै अवस्था छ । यसको अर्थ उनी गाउँमा बसिरहेकी थिइन् र प्रहरीले उनलाई त्यहीँबाट पक्राउ गरेर हत्या गर्यो । किन ?'

'रेणुका कहिल्यै कानमा बाली, कुण्डल लगाउँदिनथिन्, न त निधारमा टिका । तर, उनको शवमा त्यो सबै पहिरिएकै अवस्था छ । यसको अर्थ उनी गाउँमा बसिरहेकी थिइन् र प्रहरीले उनलाई त्यहीँबाट पक्राउ गरेर हत्या गर्यो । किन ?'

प्रहरी दावी अनुसार रेणुकाको हत्या इन्द्रावती नदीको किनारमा दन्तेवाडा–बीजापुर सीमामा भएको 'दोहोरो भिडन्त' मा भएको हो । तर, परिवारको भनाइ अनुसार, उनका हातहरू क्षतविक्षत थिए । अर्थात प्रहरीले उनलाई बाँधेर यातना दियो, पछि प्रमाण नष्ट गर्न हातलाई क्षतविक्षत पार्यो ।

प्रहरीले उनीसँग हतियार भेटिएको दावी पनि गरेको छ । प्रहरीले पोष्टमार्टमको अनुमति दिए पनि परिवारलाई त्यो रिपोर्ट दिइएको छैन् । रेणुका मारिएको सन्दर्भमा २ अप्रिलका दिन प्रतिबन्धित सीपीआई (माओवादी) को दण्डकारण्य स्पेशल जोनल

कमिटीले एक प्रेस विज्ञप्ति जारी गरेको छ । विज्ञप्तिका अनुसार रेणुका बीजापुर जिल्लाको भैरमगढ़ ब्लकको बेलनार गाउँको सानो घरबाट समातिएकी हुन् ।

विज्ञप्तिमा भनिएको छ– 'लामो समयदेखि स्वास्थ्यमा समस्या देखिएपछि उनी त्यहाँ बस्दै आएकी थिइन । ३१ मार्चको बिहान झण्डै ४ बजे प्रहरीहरूले उनी बसेको घरलाई घेराबन्दी गर्यो । बिहान ९–१० बजेतिर प्रहरीले चैते (पार्टीमा उनलाई यही नामले चिनिन्थ्यो) लाई इन्द्रावती नदी किनारमा लगेर हत्या गगरियो ।'

प्रेस विज्ञप्तिमा माओवादीले यस क्षेत्रमा चार सय भन्दा धेरै गैरन्यायिक हत्या भइसकेको जनाएको छ । हत्या गरिनेमा सशस्त्र आन्दोलनमा लागेका नेता/कार्यकर्ता तथा सर्वसाधारणको संख्या धेरै छ । अब उनीहरू सरकारसँग संवाद गर्न चाहन्छन् ।

प्रसाद र उनकी श्रीमतीले रेणुकाको शव लिएर जब उनीहरुको जन्मथलो कडावेन्डी पुगे, त्यहाँ हजारौँ मानिस भेला भइसकेका थिए । प्रसादले भने, 'गाउँलेले उनलाई एउटा शहीदलाई झै बिदा गरे ।'

सामग्री स्रोत: https://thewire.in

https://dayitwabodh.com/news/detail/160806/





सीमा आजाद

यस्तो समयमा जब माओवादीहरुले हतियार राखेर शान्तिवार्ताको अपील गरिरहेका छन्, यस्तो हत्या किन गरियो जसले माओवादीहरुलाई पुनः हिंसातर्फ उक्साओस्?

सीपीआई माओवादीका महासचिव वासवराजको हत्या: भारतीय राज्यमाथि एक ठूलो प्रश्न

सीमा आजाद

सीपीआई (माओवादी) का महासचिव वासवराजको कथित मुठभेडमा भएको हत्या केवल एक व्यक्तिको मृत्यु मात्र होइन, यो भारतीय राज्यका नीतिहरू, लोकतान्त्रिक मूल्यहरू र मानवअधिकारहरूमाथि उठेको एक गहिरो प्रश्नचिह्न हो। जब एउटा यस्तो नेता, जो एक सशस्त्र आन्दोलनको शीर्ष अनुहार हुन्, ले शान्ति वार्ताको प्रस्ताव राखिरहेको स्थितिबीच पनि मारिन्छ-त्यसपछि स्वाभाविक रूपमा यो प्रश्न उठ्छ – के राज्य साँच्चिकै शान्ति चाहन्छ ? वा ऊ पुँजीपतिहरुको हितरक्षाको लागि राज्यसंयन्त्रको दुरुपयोग गर्दै आदिवासीहरुको सफाया गरेर न्यायोचित आवाजहरुलाई सैन्य दमनको भरमा कुल्चन चाहिरहेको छ?

जनचौकमा प्रकाशित मानवाधिकारवादी कार्यकर्ता सीमा आजादको प्रस्तुत लेखले यस गम्भीर सवाललाई मार्मिक ढङ्गले उठाएका छन् ।

दायित्वबोध

सुकेका पातहरूबीच जमिनमा मृत अवस्थामा ढलेका अवस्थामा हरियो सैन्य पोशाकमा एक वृद्ध व्यक्तिको तस्वीर ! उनका खुला आँखा अझै पनि जंगलतिर निहारिरहेका छन् । उक्त तस्विर सीपीआई माओवादीका महासचिव कामरेड वासवराज भिडन्तमा मारिए भन्ने समाचारसहित सामाजिक सञ्जालमा शेयर भइरहेको छ । यो निश्चय नै अन्तर्राष्ट्रिय स्तरको ठूलो समाचार हो।

सीपीआई माओवादीसँग कोही सहमत वा असहमत हुन सक्छ । तर यसमा दुईमत हुन सक्दैन कि यस पार्टीको नेतृत्व जंगलभित्र लड्दै गर्दा नै मारिएका छन्, जसलाई बचाउने दाबी उनीहरूले गरेका थिए। माओवादी नेतृत्वका जो व्यक्ति भिडन्तमा मारिएनन्, उनीहरू नक्कली भिडन्तमा समातेर मारिए। जो यी दुबै तरिकाले मारिएनन्, उनीहरू आदिवासीहरूमाझ जंगलमा बस्दा स्वास्थ्य सेवाको कमीका कारण मरे। आफ्ना उद्देश्यका लागि यस्तो समर्पण अन्यत्र देख्न पाइँदैन।

यस वर्षको जनवरीदेखि भइरहेका आदिवासी/माओवादीहरूको हत्या यस कुराको प्रमाण हुन् कि सरकारको उद्देश्य माओवादीहरूलाई समाप्त गर्नु होइन, तर जनतामाथि "स्टेट पावर" प्रदर्शन गर्नु हो।

यस मृत्युबारे लेख्दै गर्दा मलाई पक्राउ गरिएको बेलाको सम्झना आइरहेको छ । त्यतिबेला एटीएसका एक अधिकारीले मसँग सोधेका थिए, तपाईं मानवअधिकारकर्मीहरू हामीले उनीहरूलाई मार्दा मात्र किन बोल्नुहुन्छ ? उनीहरुले मार्दा त तब तपाईंहरू चुप लाग्नुहुन्छ ! त्यतिबेला मैले जे जवाफ दिएको थिएँ । तर अहिले मसँग यसको अझ स्पष्ट जवाफ छ। माओवादीहरूले हतियार राखेर शान्तिवार्ताको अपील गरिरहेका समयमा यस्तो हत्या किन गरियो, जसले माओवादीहरूलाई पुन: हिंसातर्फ उक्साओस्?

यसै वर्षको जनवरीदेखि भइरहेका आदिवासी/माओवादीहरूको हत्या यस कुराको प्रमाण हुन् कि सरकारको उद्देश्य माओवादीहरूलाई समाप्त गर्नु होइन, तर जनतामाथि "स्टेट पावर" प्रदर्शन गर्नु हो।

पछिल्ला दुई महिनादेखि माओवादीहरूले हतियार राखेर सरकारसँग शान्तिवार्ताको अपील गरिरहेका छन् । थुप्रै मानवअधिकार संगठन र बौद्धिक व्यक्तिहरू सरकारसँग वार्तामा जान अपील गरिरहेका छन्। यस्तो अवस्थामा पनि उनीहरूसँग वार्ता नगरी मार्दै जानु गैरन्यायिक हत्या र मानवअधिकारको उल्लंघन नै मानिनेछ।

उनीहरूको हत्या, जो यसै देशका मेधावी नागरिक हुन्, र सरकारको व्यवस्थासँग सहमत छैनन्।

वासवराजका बारेमा उनको जीवनकालमा कसैले केही थाहा पाएन, यहाँसम्म कि उनी ७२ वर्षका थिए भन्ने कुरा । अहिले उनी आफ्नो कलेजका मेधावी विद्यार्थी थिए, असल खेलाडी थिए र अन्यायका कडा विरोधी थिए, उनी आफ्नो विद्यार्थी जीवनदेखि नै हरेक प्रकारका अन्यायको विरोध गरिरहे जस्ता समाचारहरू आइरहेका छन् ।

यसअघि माओवादी दस्तामा सामेल भएका एक युवा डाक्टर रवि मारिएको खबर पनि आएको थियो।माओवादीहरू के चाहन्छन् र सरकारले उनीहरूसँग वार्ता गर्न किन चाहँदैन ? मलाई लाग्छ यसको केही ठोस कारणहरू छन् र अहिले यसबारे कुरा गर्नु अति जरुरी छ।

माओवादीहरूले पूँजीपतिसँग गरिएका आदिवासीहरूको जल-जंगल-जमिनमाथि कब्जा गरी त्यसलाई नष्ट गर्ने सम्झौता रद्द गरिनुपर्छ र ती स्रोतसाधनहरूमा आदिवासीहरूको अधिकार सुनिश्चित गरिनुपर्छ भन्ने माग गरेका थिए ।

माओवादीहरूसँग युद्धविराम र शान्तिवार्तालाई एउटा पृष्ठभूमिबाट सजिलैसँग बुझ्न सकिन्छ। सन् २००४ मा जब माओवादीहरूको आन्ध्र प्रदेश इकाई आन्ध्र प्रदेश सरकारसँग वार्तामा आएका बेला उनीहरूले प्रदेशका धेरैजसो ठूला जमिन्दारहरूको

सयौं एकड जमिनको विवरण सरकारको सामु राख्दै ती जमिनहरू भूमिहीन किसानहरूमा बाँडिदिनुपर्छ भन्ने माग गरेका थिए ।

यी ठूला जमिन्दारहरूमा धेरैजना विभिन्न संसदीय पार्टीहरूसँग सम्बन्धित थिए।

वार्तामा आएका माओवादीहरूले पूँजीपतिसँग गरिएका आदिवासीहरूको जल-जंगल-जमिनमाथि कब्जा गरी त्यसलाई नष्ट गर्ने सम्झौता रद्द गरिनुपर्ने र ती स्रोतसाधनहरूमा आदिवासीहरूको अधिकार सुनिश्चित गरिनुपर्ने माग गरेका थिए । यसबाहेक उनीहरूले समाजको जनवादीकरणसँग सम्बन्धित धेरै अन्य मागहरू पनि राखेका थिए।

यस शान्तिवार्ताका लागि आन्ध्र प्रदेश माओवादी पार्टीका सचिव रामकृष्ण जब उनीहरुलाई राखिएका होटेलबाट बाहिर आएका थिए, उनलाई भेट्न आउनेहरूको लामो लाइन लागेको थियो। ती भेट्न आउनेहरू चाहन्थे कि माओवादी पार्टीले उनीहरूको जमिन फलाना जमिन्दारबाट मुक्त गराइदियोस्, फलाना जमिन्दारको अत्याचारबाट उनीहरूलाई र उनीहरूको गाउँकी महिलाहरूलाई बचाइदियोस्, वा उनीहरूको रोकिएको त्यो काम, जसका लागि दौडँदा-दौडँदा उनीहरूको चप्पल घिसिएको छ, सरकारमाथि दबाब दिएर फत्ते गराइदियोस्।

पत्रकारहरू र हामीजस्ता आम नागरिकहरूका लागि यो अत्यन्त अचम्मको कुरा थियो र सरकारका लागि अत्यन्त लज्जास्पद घटना थियो।

सरकार माओवादीहरूको मागमा सहमत हुन सकेन र वार्ता टुट्यो।

हिंसाको बीच माओवादीहरूले मार्च अन्त्यतिर शान्तिवार्ताको प्रस्ताव राख्दा, सरकार र पूँजीपतिप्रेमी मिडियाले प्रचार गरे कि माओवादीहरू कमजोर भएका छन्, त्यसैले वार्ताको प्रस्ताव गरिरहेका छन्। तर सोच्नुपर्ने कुरा के हो भने, यदि साँच्चै त्यस्तो हो भने, त्यसकै फाइदा उठाएर शान्तिवार्तामा गएर बिना रक्तपात माओवादी समस्याको अन्त्य गर्नुमा के खराबी थियो?

हालको सरकारलाई पनि थाहा छ– उसले माओवादीहरूको ती मागहरू पूरा गर्न सक्दैन, किनभने यसको नाभी सामन्त र पूँजीपतिसँग गाँसिएको छ। उसले शान्तिवार्ता गर्यो भने तत्कालीन आन्ध्र प्रदेश सरकारको जस्तै गरी यो सरकार पनि पर्दाफास हुनेछ। यस पृष्ठभूमिका कारणले नै सरकार शान्तिवार्तामा जान चाहँदैनन्। यसको सट्टा उनीहरू माओवादीहरूलाई धेरैजसो नक्कली भिडन्तमा गैरकानुनी ढंगले, र कतिपय पटक साँच्चिकैको भिडन्तमा पनि अपराधीहरुलाई झैं मार्ने कुरामा बढी विश्वास गर्छन्। माओवादीहरूलाई मार्न सरकारले जुन तरिका अपनाएको छ, त्यसमा सर्वोच्च अदालतले २००५ मै कडा टिप्पणीसहित रोक लगाएको थियो। त्यो समय यसको नाम 'सलवा जुडुम' थियो, अर्थात् आदिवासीहरूलाई आदिवासीहरूविरुद्ध उभ्याउने रणनीति। सर्वोच्च अदालतको रोकपछि हालको सरकारले त्यही तरिकालाई अन्य नाममा कार्यान्वयन गर्न थालेको छ। उसले गाउँहरूमा डीआरजीको गठन गरिरहेछ । त्यसमा आदिवासीहरू र आत्मसमर्पण गरिसकेका माओवादीहरू छन्, अर्थात् जितून् वा हारून्, सहिद त आदिवासी नै हुनेछन्, उजाडिने त जंगल नै हो।

“अप्रेसन सिन्दूर” नामक युद्धोन्मादी शक्ति प्रदर्शनपछि माओवादीका ठूला नेता वासवराजलाई मारेपछि सरकार आफूलाई “पावर स्टेट” को रूपमा चित्रित गर्न खोजिरहेको छ, मानवअधिकारवादी लोकतान्त्रिक राज्यको रूपमा होइन।

हालको सरकारका गृहमन्त्रीले घोषणा गरेका छन् कि उनीहरूले सन ३१ मार्च २०२६ भित्र माओवादीहरूको सफाया गर्नेछन्। त्यसपछि बस्तर/छत्तीसगढमा आदिवासीहरू मारिएको खबर लगभग हरेक दिन आइरहेको छ। यस हिंसाको बीच माओवादीहरूले मार्च अन्त्यतिर शान्तिवार्ताको प्रस्ताव राख्दा ‘माओवादीहरू कमजोर भएका छन्, त्यसैले शान्तिवार्ताको प्रस्ताव गरिरहेका छन्’ भनेर सरकार र पूँजीपतिप्रेमी मिडियाले प्रचार गरे । तर सोच्नुपर्ने कुरा के हो भने, साँच्चै त्यस्तो हो भने, त्यसकै फाइदा उठाएर शान्तिवार्तामा गएर बिना रक्तपात माओवादी समस्याको अन्त्य गर्नुमा के खराबी थियो? के त्यो सही बाटो हुने थिएन?

वास्तवमा कुरा त्यस्तो होइन। असली कुरा के हो भने, यो सरकार माओवादीहरूको

मागहरू स्वीकार्न तयार छैन र शान्तिवार्तामा गएपछि माओवादीहरूको जनवादी, किसान समर्थक, मजदूर समर्थक, महिला समर्थक, आदिवासी समर्थक, अल्पसंख्यक समर्थक मागहरू सार्वजनिक भएपछि, मिडियामा प्रमुख समाचार बनेपछि, तिनलाई अस्वीकार गर्दा आफूको पर्दाफास हुनेछ भनेर सरकार डराइरहेको छ। त्यसको सट्टा माओवादीहरूको मागहरूमा रगतको दाग लगाएर तिनीहरूलाई अपराधीका रूपमा देखाइरहन चाहन्छ। यो सरकारको "पावर स्टेट" देखाउने नीति हो। हो, मानवअधिकार संगठनहरूले यसलाई गलत मान्छन् र यसको आलोचना गर्छन्। "अप्रेसन सिन्दूर" नामक युद्धोन्मादी शक्ति प्रदर्शनपछि माओवादीका ठूला नेता वासवराजलाई मारेर सरकार आफूलाई "पावर स्टेट" को रूपमा चित्रित गर्न खोजिरहेको छ, मानवअधिकारवादी लोकतान्त्रिक राज्यको रूपमा होइन। यस तरिकाले सरकारले "माओवादीहरू" को हत्या गर्न सक्छ, तर "माओवाद" को होइन। बरु यस्तै गरेर सरकारले माओवादी विचारधाराको विस्तार गरिरहेको छ, उसले प्रमाणित गरिरहेको छ कि माओवादी विचारधाराले राज्यको पक्षधरताबारे जे भन्छ, त्यो सही छ। यही कारण वासवराजको हत्या मिडियाहरुले भनिरहेजस्तो सीपीआई (माओवादी) मा अन्तिम काँटी होइन, बरु भारतीय राज्यमाथि एउटा हथौडा सावित हुन सक्छ।

शान्तिवार्ताको प्रस्ताव राख्ने पार्टीका शीर्ष नेताको यसरी हत्या गरिएको घटनालाई कुनै पनि मानवअधिकार संगठन र कार्यकर्ताले अनिवार्य रूपमा निन्दा गर्नैपर्ने विषय हो।

जसिन्ता केरकेट्टा को यो कविता अहिले अत्यन्त सान्दर्भिक छ, यहीसँगै म आफ्नो कुरा समाप्त गर्दैछु।

सेनाको दिशानिर्देश कता छ

युद्धको चरण सकिएको छ
अब सीमाको सेना उता फर्किएको छ
जहाँ छन् मेरा स्कुल-कलेज, गाउँ-घर, जंगल-पहाड
अहिले को साधिरहेको छ

चरा-चुरुंगीको आँखामा निशाना?
यो समय खतरनाक छ प्रश्न गर्न
र भइरहेका कुरामा आक्रोश प्रकट गर्न
किनभने बन्दुकको पहिलो काम हुन्छ
प्रश्न सोध्ने जिब्रोमाथि निशाना लगाउनु
अहिले समाप्त हुँदैछ
कुरा गर्ने र सुन्ने परम्परा
अब सेनाको दक्षता भन्नु भनेको
गाउँ र जंगलमाथि गोली चलाउनु
र प्रश्न गर्ने विद्यार्थीहरूमाथि लाठी बर्साउनु
यो अर्को किसिमको युद्ध हो
जहाँ सम्भव छ-
गाउँमा धेरैको भोकभोकै मर्नु
किसानले आत्महत्या गर्नु
र शहरमा आधा मानिसले-
धेरै खाँदै, पेट बढाउँदै
आफ्नै शरीरको भार थेग्न नसकेर
एक दिन लड्खडाउँदै ढल्नु
र आफ्नै शरीरको भारीमा च्यापिएर मर्नु
कुनै युद्धमा बम पड्किएर
शहर धुवाँधुवाँ भएको होइन
यो त विकास गर्दै
मंगलग्रह बन्ने कथा हो
यो विकासमा बाँकी छैन
जंगल-पहाड
नैसर्गिक श्वास फेर्ने शुद्ध हावा
र मानिस खोजिरहेका छन्-

कहाँ छ सफा पानी?
कुनै युद्ध नहोस्
तैपनि सेना त रहनेछ
अनि के गर्ने त उसले?
उनीहरू क्याम्प बनाउने नाममा
जंगल खाली गराउनेछन्
वन्यजन्तु सुरक्षाको नाममा
गाउँ हटाएर शहरतिर लखेट्नेछन्
र शहरमा प्रश्न सोध्ने
गाउँका बालबालिकामाथि गोली चलाउनेछन्
अन्ततः किन हो त
सीमाको सेना उता फर्किएको?
जहाँ छन् मेरा स्कुल-कलेज, गाउँ-घर, जंगल-पहाड
(छावनीहरूविरुद्ध छत्तीसगढ, दन्तेवाडामा लडिरहेका मानिसहरूलाई समर्पित)
जसिन्ता केरकेट्टा
https://dayitwabodh.com/news/detail/160810/





अजय के. मेहरा

के भारतमा रातो तारा अस्ताउँदै छ?

झन्डै आठ दशकसम्म टिक्न सफल भएको यो 'जन आन्दोलन' वा 'क्रान्ति' अहिले भारतको सार्वजनिक सुरक्षाका लागि किन खतरा ठानिँदैछ?

भारतमा प्राकृतिक स्रोतसाधनले भरिपूर्ण क्षेत्रहरुबाट आदिवासीहरुलाई विस्थापित गर्दै पुँजीपतिहरुलाई पोस्ने भारतीय सत्तापक्ष विरुद्ध आदिवासीहरुको हकहितको रक्षा तथा समतामूलक समाज निर्माणको लागि विगत दशकौंदेखि सशस्त्र संघर्ष गरिरहेका भारतका माओवादीहरु यतिखेर अत्यन्तै कमजोर र रक्षात्मक अवस्थामा पुगेको छ । सन् २०२६ को ३१ मार्चसम्ममा माओवादीहरुलाई निमिट्यान्न पार्ने अभियानमा उत्रिएको भारतीय राज्यसत्ताले भकामक छद्म मुठभेडका नाममा माओवादीका शीर्षस्थ नेताहरुको हत्या गरिरहेका छन् । माओवादी पक्षले राखेको तथा नागरिक समाजले समेत आव्हान गरिरहेको शान्तिवार्ताको प्रस्तावलाई लत्याएर यतिखेर भारतीय राज्यसत्ता निर्मम दमनमा उत्रिएको छ भने त्यसको विरुद्धमा

उठेका–उठ्ने स्वरहरुलाई कुल्चने काम भइरहेको छ ।

यस पृष्ठभूमिमा भारतीय माओवादीहरुले चलाइरहेको सशस्त्र संघर्षको पृष्ठभूमि र त्यसले भोगिरहेको नियतिलाई बुझ्न सघाउने द वायरमा प्रकाशित प्राध्यापक अजय के मेहराद्वारा लिखित प्रस्तुत लेख हामीले अनुवाद गरी प्रकाशित गरेका छौं ।

दायित्वबोध

०००

भारतमा क्रान्तिको प्रयोग १९४६ मा तेलङ्गानामा भारतीय कम्युनिष्ट पार्टीद्वारा सुरु भयो । केही समयको शान्तिपछि १९६७ मा त्यो उत्तर पश्चिम बङ्गालमा पुनः देखा पर्यो, जसलाई चीनले "भारतमाथिको वसन्त गर्जन" भनेर वर्णन गर्यो। यो ७९ वर्ष पुरानो 'क्रान्ति' नयाँ सहस्राब्दिको सुरुवातदेखि झनै उग्र हुँदै गयो। तर, हाल भारतीय राज्यको तीव्र आक्रमणको सामना गर्दै, यो नरेन्द्र मोदी शासनको मार्च २०२६ भित्र "नक्सलमुक्त" भारतको वाचाको सामना गरिरहेको छ।

छत्तीसगढमा उनीहरूको शीर्ष नेता बसवराजु र झारखण्डमा पप्पु लोहरासहित कैयौं प्रमुख 'क्रान्तिकारीहरू'को समाप्तिपछि माओवादीहरूले हालै भोगेका कठोर चोटहरूले यो प्रश्न उठेको छ– लगभग आठ दशकसम्म टिकिरहेपछि, किन यो 'जन आन्दोलन', वा 'क्रान्ति', भारतको सार्वजनिक सुरक्षाको लागि खतरा मानिएको छ ?

सुरुवात र उदय

भारतीय कम्युनिष्ट पार्टी (सीपीआई) का नेताहरूले १९४० को दशकमा तेलङ्गाना क्षेत्रका गरिब र शोषित किसानहरूलाई संगठित गरे। दशकौंसम्म मजबुत रूपमा जमेका देशमुख (राजस्व सङ्कलक)हरूको प्रभुत्वले, १९४६ देखि भारतमा पहिलो मार्क्सवादी-लेनिनवादी-माओवादी 'क्रान्ति'को रूप लियो। सो क्षेत्रको सामाजिक संरचना र राजनीतिक अर्थतन्त्र सीपीआईलाई स्थानीय जनतालाई विद्रोहको निम्ति परिचालन गर्न उपयुक्त थियो। त्यसै क्रममा १५ अगस्ट १९४७ मा भारतले स्वतन्त्रता

प्राप्त गर्यो । तर कम्युनिष्टहरूले त्यसलाई झूठो स्वतन्त्रता घोषित गरे।

डोरा पनि भनिने देशमुखहरूले डरत्रासको भरमा आफ्ना 'परगना' (प्रशासनिक इकाइ) हरूमा मात्र होइन, आफ्नो अधीनस्थ किसानहरूको जीवनमा समेत पूर्ण नियन्त्रण राख्थे। स्वाभाविक रूपमा, यसले तेलङ्गानाका गाउँले क्षेत्रमा विद्रोहको निर्णायक कारकको रूप लियो, जहाँ एकीकृत शोषण प्रणाली र लगातार गुलामी श्रम कायम थियो। व्यापारी र साहुकारहरूले भिन्न सेवामा संलग्न जातिहरूबाट भेट्टी (बाध्य श्रम) प्रणाली अन्तर्गत निःशुल्क सेवा लिने गर्थे। डोराहरूले आफ्ना 'प्रजा'का महिलाहरूको शारीरिक शोषण पनि गर्थे।

डोरा पनि भनिने देशमुखहरूले डरत्रासको भरमा आफ्ना 'परगना' (प्रशासनिक इकाइ)हरूमा मात्र होइन, आफ्नो अधीनस्थ किसानहरूको जीवनमा समेत पूर्ण नियन्त्रण राख्थे।

भारतको स्वतन्त्रता पश्चात भारतीय राज्यले बल, कूटनीति र 'कल्पनाशक्ति' प्रयोग गरेर 'क्रान्ति' समाप्त गर्न हस्तक्षेप गर्यो। तथापि, सोभियत नेताहरूको वैचारिक प्रभावमा, सीपीआईले जोसेफ स्टालिनको व्यक्तिगत सल्लाहमा 'क्रान्ति' समाप्त गर्यो । सोभियत नेताहरुले तिनीहरूलाई नवजात लोकतान्त्रिक गणराज्यमा आउन लागेको चुनावमा भाग लिन सल्लाह दिएका थिए। जब भारतीय राज्यले आन्दोलन दबाउन सेना प्रयोग गर्यो, तिनीहरूले गान्धीका शिष्य विनोबा भावेलाई निमन्त्रणा दिए। स्थानीय जनतासँग अन्तरक्रिया गर्दा उनले 'भूमिदान' (जग्गाको उपहार) खोजे, यसलाई एक आन्दोलनमा रूपान्तरण गरे, जसले भूमिहीनहरूलाई प्रभावित गर्यो । त्यसले पहिलो क्रान्तिकारी आन्दोलन १९५१-५२ मा समाप्त गर्यो।

सीपीआईको संसदीय प्रयास सफल रह्यो; यसले लोकसभामा १६ सिट जितेर दोस्रो स्थान सुरक्षित गर्यो । १९५७ को दोस्रो आम निर्वाचनमा २७ सिटसहित आफ्नो उपस्थितिलाई थप सुदृढ गर्यो। यसले अन्ततः भारतमा कम्युनिष्ट आन्दोलनको संसदीय र क्रान्तिकारी पक्षबीच मतभेद उत्पन्न गर्यो र अन्ततः १९६४ मा विभाजन

गरायो। सन् १९२४ मा एस.ए. डांगेले लेखेका दुई पत्रहरूबाट सुरु भएर पार्टीभित्र देखा परेको 'संशोधनवाद'ले सोभियत संघ र चीनबीचको मतभेद वरिपरि पक्षहरूलाई ध्रुवीकृत गर्यो। यसरी १९६४ मा भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) उदयमा आयो।

पश्चिम बङ्गालको दार्जिलिङ जिल्लाको नक्सलबारीमा किसानहरू संगठित भए। चारु मजुमदार, जंगल सन्थाल र कानु सान्याल तीन प्रमुख नेता थिए । उनीहरुले आदिवासी र किसानहरूलाई १८५९ र १८७९ का ऐनहरूअन्तर्गत बेलायती सरकारबाट जमिन पट्टामा पाएका जोतेदारहरू विरुद्ध परिचालित गरे ।

सीपीआई (एम) नयाँ ध्रुव बन्दै गयो । त्यसको वरिपरि पश्चिम बङ्गालको दार्जिलिङ जिल्लाको नक्सलबारीमा किसानहरू संगठित भए। चारु मजुमदार, जंगल सन्थाल र कानु सान्याल तीन प्रमुख नेता थिए । उनीहरुले आदिवासी र किसानहरूलाई १८५९ र १८७९ का ऐनहरूअन्तर्गत बेलायती सरकारबाट जमिन पट्टामा पाएका जोतेदारहरू विरुद्ध परिचालित गरे । १९६७ मार्च ३ मा जोतेदारको अन्नगोदाममा शोषित किसान र आदिवासीहरूद्वारा गरिएको आक्रमण, नक्सलबारी, फाँसिदेवा र खरिकबारी प्रहरी चौकीहरूमा प्रहरीसँग भएको झडपपछि चर्कियो।

पछि सीपीआई (एम) ले पनि १९६७ को निर्वाचनमा भाग लियो र आफ्ना गठबन्धन साझेदारहरूसँग सफल हुँदै पश्चिम बङ्गाल सरकारमा सहभागी भयो । पार्टीमा फेरि विभाजन देखा पर्यो। अब, सीपीआई (मार्क्सवादी-लेनिनवादी) नक्सलबारी आन्दोलनको अगुवा बन्यो। त्यसपछि आउने कुरा भनेको ती दुई कम्युनिष्ट पार्टीहरूको विरोधाभासपूर्ण संलग्नता थियो – एक सरकारको हिस्सा र अर्को क्रान्तिको अगुवाईमा। नक्सलबारीबाट उत्पन्न आन्दोलन अन्ततः १९७० को दशकको सुरुवातमा दमन गरियो। तर पनि, यसले भूमि सुधारमा सफलता ल्यायो, जसलाई सरकारमा सहभागी सीपीआई (एम) ले अघि बढायो।

तर, श्रीकाकुलम्(आन्ध्र प्रदेश) मा अंकुरित आन्दोलन भने १९८० को दशकसम्म देशका धेरै ठूला भागहरूमा फैलिएको थियो। यस सवालमा शोषित पहाडी

आदिवासीहरू (गिरिजनहरू) लाई एउटा गैर-पार्टी स्कूल शिक्षक वेम्पटापु सत्यनारायणले संगठित गरेका थिए। कम्युनिष्ट पार्टीहरू पछि मात्र संलग्न भए। श्रीकाकुलम्आन्दोलन स्थानीयस्तरमा सीमित रह्यो । १९९० को दशकमा पूर्वी मध्यप्रदेश (अहिलेको छत्तीसगढ) र मध्य तथा दक्षिण बिहार (अहिलेको झारखण्ड) का आदिवासी क्षेत्रमा हिंसात्मक घटनाहरू देखिएपछि आन्ध्र प्रदेशमा पिपुल्स वार ग्रुपको सैन्यीकृत गतिविधिहरू राज्य र केन्द्र सरकारहरूको प्रमुख चिन्ताको कारण बने।

१९९० को दशकमा पूर्वी मध्यप्रदेश (अहिलेको छत्तीसगढ) र मध्य तथा दक्षिण बिहार (अहिलेको झारखण्ड) का आदिवासी क्षेत्रमा हिंसात्मक घटनाहरू देखिएपछि आन्ध्र प्रदेशमा पिपुल्स वार ग्रुपको सैन्यीकृत गतिविधिहरू राज्य र केन्द्र सरकारहरूको प्रमुख चिन्ताको कारण बने।

यो आन्दोलनले पनि एक दशकभित्रै (१९७० को दशकको मध्यसम्म) आफ्नो प्रभाव गुमायो। पहिलो, योजनाबद्ध कारबाहीमा, प्रहरीले श्रीकाकुलम्लाई अशान्त क्षेत्र घोषणा गर्यो र सत्यनारायण सहित धेरै नक्सलाइटहरूलाई मार्न र पक्राउ गर्न सफल भयो। दोस्रो, संगठनात्मक रूपमा आन्दोलन कमजोर रहेको मैदान क्षेत्रमा माओवादीहरूको 'वर्ग शत्रु सफाया रणनीति' विनाशकारी नै सावित भयो। पहाडमा भने यो केवल सशस्त्र लडाकु समूह (दलम) हरूमा सीमित रहेन । सयौं गिरिजनहरू क्रूर हत्या कार्यहरूमा भाग लिए। व्यापक प्रहरी दमनको सामना गर्नुका अलावा नक्सलहरूले गिरिजनहरू सहित जनसंख्याको एउटा हिस्सालाई टाढा पारेर आफैंलाई पराजित तुल्याए। आन्दोलनले विकास र कल्याणको लागि एउटा एजेन्डा त तय गर्न सफल भयो जसलाई सरकारले पछ्यायो। तर, ती कार्यक्रमहरू विभागीय भ्रस्टाचारका कारण सफल भएनन्। तर पनि, उनीहरूको एजेन्डा सफल भयो, किनभने श्रीकाकुलम्को एकीकृत आदिवासी विकास एजेन्सी परियोजना क्षेत्रमा जम्मा ५२७,००० एकडमध्ये ५,५४३.६७ एकड (कुल खेतीयोग्य जमिनको ३.९ प्रतिशत) १९७९ सम्म फिर्ता गरिएको थियो।

व्यापक प्रहरी दमनको सामना गर्नुका साथै, नक्सलहरूले गिरिजनहरू सहित जनसंख्याको एउटा हिस्सालाई टाढा पारेर आफैंलाई पराजित तुल्याए।

१९७० र ८० को दशकमा, आन्ध्र प्रदेश र तेलङ्गाना क्षेत्रमा आन्दोलन अत्यधिक सिद्धान्तवादी बन्यो । त्यसले नेताहरू र कार्यकर्ताहरूबीच बहस र तीव्र विभाजन उत्पन्न गरायो। तिनीहरू सशस्त्र लडाकु समूहहरुको रूपमा संगठित भए, जो प्रायः हिंसात्मक द्वन्द्वमा संलग्न हुन्थे। १९८० र १९९० को दशकमा आन्दोलनको कथा विरोधाभासहरूले भरिएको छ, जसमा आपसी हत्या, प्रहरीसँगका क्रूर झडपहरू र विभिन्न सशस्त्र लडाकु समूहहरूलाई राजनीतिक दलहरूले चुनावी फाइदाको लागि प्रयोग गर्नु समावेश छ।

सुदृढीकरण र त्यसपछिको अवस्था

२१ सेप्टेम्बर २००४ मा, दुई सबैभन्दा उग्र समूहहरू – सीपीआई-एमएल (पिपुल्स वार) र माओवादी कम्युनिस्ट सेन्टर अफ इन्डिया – एकीकृत भएर सीपीआई (माओवादी) गठन गरे, जुन सबैभन्दा ठूलो र सबैभन्दा शक्तिशाली माओवादी समूह बन्यो। पिपुल्स लिबरेसन गुरिल्ला आर्मीको गठनसँगै, झन्डै ३,५०० लडाकुहरू उन्नत हतियार र राम्रो संगठित संरचनासहित सुसज्जित थिए । त्यसले सीपीआई (माओवादी) लाई अग्रता दिलायो । गृह मन्त्रालयको प्रतिवेदन (२००५-०६) अनुसार तिनीहरूले नौ राज्यका झन्डै ७६ जिल्लामा नियन्त्रण जमाएका थिए। वास्तवमा, एक समय त तिनीहरूको प्रभाव देशका एक-तिहाइ जिल्लामा फैलिएको थियो।

यस्तो विस्तारबारे सरकारको प्रतिक्रिया भ्रमपूर्ण थियो। २००५ मा छत्तीसगढमा नक्सलहरूको प्रतिकार गर्न 'सलवा जुडुम' (छत्तीसगढ़को गोंडी भाषामा "सलवा जुडुम" को अर्थ हो — 'शान्ति अभियान' हुन्छ तर व्यवहारमा त्यो एक प्रकारको सशस्त्र मिलिसिया आन्दोलन थियो।–दायित्वबोध) नामक मिलिसिया गठन गर्नुले स्थानीय जनसंख्यासँग अनावश्यक हिंसात्मक द्वन्द्व निम्त्यायो। प्रबुद्ध वर्गको एउटा समुहले २००८ मा सर्वोच्च अदालतमा यसको विघटनको लागि रिट निवेदन दायर गरे। २०११ मा अदालतको फैसलाले मिलिसिया विघटन गर्न आदेश दियो, र वामपन्थी

उग्रवादको उदय गराउने गरिबी तथा शोषणतर्फ ध्यान दिन जरुरी रहेको औंल्यायो।

पूर्व योजना आयोगले वामपन्थी उग्रवादका कारणहरू अध्ययन गर्न एक विज्ञ समूह नियुक्त गर्यो। त्यसले निष्कर्ष निकालेको थियो:

"'नक्सलवाद' भन्ने नाममा जे भइरहेको छ, त्यो धेरै हदसम्म संविधान र अन्य संरक्षणात्मक कानुनअन्तर्गत समाजका विभिन्न वर्गलाई उनीहरूको आधारभूत अधिकार सुनिश्चित गराउन सामूहिक असफलताको उत्पादन हो भन्ने कुरा नकार्न सकिन्न। यो पनि नकार्न सकिन्न कि राष्ट्र अहिले हिंसा र प्रतिहिंसाको एक दुष्चक्रमा परेको छ।" (पृष्ठ ८३)

तर पनि, अक्टोबर २००९ मा केन्द्र सरकारले अन्ततः असफल सावित भएको 'अपरेसन ग्रीन हन्ट' सुरु गर्यो। यस अन्तर्गत वामपन्थी उग्रवाद अन्त्य गर्न प्रभावित जिल्लाहरूमा केन्द्रीय अर्धसैनिक बलहरूको ठूलो मात्रामा परिचालन गरियो । तर, लडाकुहरू अझै पनि सुरक्षा बलहरूमाथि अत्यन्त सफल गुरिल्ला कारबाहीहरू गर्न सक्षम रहिरहे।

२०१४ यता

२०१४ मा केन्द्र र प्रभावित धेरै राज्यहरूमा शासन परिवर्तन भएपछि, मोदी सरकार बल प्रयोगमा केन्द्रित भएको छ।

वर्षौंको अवधिमा यो आन्दोलन लोकतन्त्रको सवालप्रति सचेत नहुनुका कारण यसको भुइँतहको प्रभाव हराउँदै गएको छ। प्रभावित क्षेत्रमा भएको आर्थिक विकासले पनि हतियारको मोहलाई कम गरेको छ।

शीर्ष नेताहरू र कार्यकर्ताहरूको सफाया (धेरैले आत्मसमर्पण पनि गरेका छन्) का कारण विद्रोही समूहहरू पनि कमजोर भएका छन् । त्यसले गर्दा उनीहरूको प्रभाव घटेको छ। साथै, वर्षौंको अवधिमा यो आन्दोलन लोकतन्त्रको सवालप्रति सचेत नहुनुका कारण यसको भुइँतहको प्रभाव हराउँदै गएको छ। प्रभावित क्षेत्रमा भएको

आर्थिक विकासले पनि हतियारको मोहलाई कम गरेको छ।

बल प्रयोगमा अत्यधिक उग्र मोदी सरकारले अब विकास र स्रोतसाधन (जंगल, खनिज आदि) ले भरिपूर्ण क्षेत्रहरूमा अधिकारको प्रश्नमा ध्यान दिनुपर्छ। यसले अपनाएको एक अनावश्यक रणनीति भनेको “अर्बन नक्सल” भन्ने अस्पष्ट श्रेणीको प्रयोग हो, जसअन्तर्गत दर्जनौं प्राज्ञिक र सामाजिक कार्यकर्ताहरूलाई आतंकवाद विरोधी कानुनअन्तर्गत जेलमा राखिएको छ। न्यायालयले पनि यस्ता व्यक्तिहरूका लागि धरौटीको विषयमा निष्पक्ष हुनुपर्छ।

अजय के. मेहरा एक राजनीतिशास्त्री र मल्टिलेभल फेडरलिज्म केन्द्रका ‘भिजिटिङ प्रोफेसर’ हुन्। यसअघि उनी नेहरू मेमोरियल म्युजियम तथा लाइब्रेरी, नयाँ दिल्लीका अटल बिहारी वाजपेयी वरिष्ठ फेलो (२०१९–२१) तथा दिल्ली विश्वविद्यालयअन्तर्गत शहीद भगतसिंह सन्ध्या कलेजका प्रिन्सिपल (२०१८) थिए।

https://dayitwabodh.com/news/detail/160855/





शीर्षस्थ नेताको हत्याले भारतीय माओवादी आन्दोलनलाई गम्भीर धक्का !

छत्तीसगढको नारायणपुर जिल्लामा भारतीय सुरक्षा बल र माओवादी विद्रोहीबीच भएको 'दोहोरो भीडन्त'मा भारतको कम्युनिस्ट पार्टी (माओवादी) का महासचिव नम्बाला केशवराव उर्फ बसवराज को हत्या भएको खबर छ । उक्त भीडन्तमा बसवराजसहित २६ जना नक्सल लडाकुहरू मारिएका छन् । बसवराजको हत्याले माओवादी आन्दोलनको नेतृत्व र पुनःगठन क्षमतामाथि ठूलो आघात पुग्ने देखिन्छ ।

बसवराज नक्सलवादी आन्दोलनको सर्वोच्च नेतृत्वकर्ता थिए। उनी महासचिव मात्र नभई, संगठनको केन्द्रीय सैन्य आयोग (CMC) का प्रमुख समेत भइसकेका व्यक्ति थिए। एक प्रकारले हेर्दा उनी विद्रोही रणनीतिकार, सैन्य योजनाकार र राजनीतिक मार्गदर्शक – तीनवटै भूमिकामा थिए। उनको मृत्युसँगै विद्रोही संगठनले वैचारिक,

रणनीतिक तथा सांगठनिक दृष्टिले अत्यन्तै मूल्यवान नेताको क्षति व्यहोर्नुपरेको छ । उनी विस्फोटक पदार्थसम्बन्धी ज्ञाता मानिन्थे ।

भारत सरकारद्वारा १.५ करोड रुपैयाँको इनाम तोकिएका बसवराज भारतका सबैभन्दा खोजी गरिएका माओवादी नेतामध्ये एक थिए। करिब ७० वर्षका बसवराज आन्ध्र प्रदेशको श्रीकाकुलम् जिल्लास्थित जियन्नापेटा गाउँका बासिन्दा थिए। यथार्थमा उनी केवल बन्दुक उठाउने विद्रोही मात्र थिएनन्, उनी एक शिक्षित क्रान्तिकारी पनि थिए - वारङ्गलको क्षेत्रीय इन्जिनियरिङ कलेज (REC) बाट बीटेक पास गरेका इञ्जिनियर।

बसवराज १९७० को दशकदेखि माओवादी आन्दोलनमा लागेका थिए, जब भारतका ग्रामीण क्षेत्रहरूमा सामाजिक अन्याय र राज्यविरुद्धको असन्तोषले विद्रोहको रूप लिन थालेको थियो। आन्दोलनमा समर्पित बसवराजले गङ्गन्ना, कृष्ण, नरसिंह र प्रकाशजस्ता नामहरू प्रयोग गर्दै भूमिगत रूपमा लामो समयसम्म आफ्नो गतिविधि सञ्चालन गरेका थिए।

सन् २०१८ मा उनले भारतीय कम्युनिस्ट पार्टी (माओवादी) को महासचिवको जिम्मेवारी सम्हाले। यसअघि उक्त पद मुप्पाला लक्ष्मण राव (गणपति) ले सम्हालेका थिए । उनले २००४ मा पीपुल्स वार ग्रुप र माओवादी कम्युनिस्ट सेन्टर (MCC) को एकीकरणपछि पार्टीको पहिलो महासचिवको रूपमा नेतृत्व गरेका थिए। गणपति करिब एक दशकसम्म संगठनको शीर्षमा बसेपछि फिलिपिन्सतर्फ पलायन भएको विश्वास गरिन्छ।

बसवराजलाई केवल नेतृत्वको उत्तराधिकारी होइन, रणनीतिक योजनाकारको रूपमा पनि चिनिन्थ्यो। भारतमा भएका थुप्रै रक्तपातपूर्ण माओवादी हमलाहरूमा उनको प्रत्यक्ष संलग्नता रहेको ठानिन्छ। उनका योजनाहरूले भारतको सुरक्षा संयन्त्रलाई पटक-पटक चुनौती दिएको थियो, र राज्यसत्तालाई झस्काउने काम गरेको थियो।

उनको उदय र्याडिकल स्टुडेन्ट्स युनियनबाट भएको थियो । उक्त युनियनलाई दशकौंदेखि माओवादी विचारधाराको उत्पादन केन्द्र मानिने गरिन्छ । यो युनियन दक्षिण भारत, विशेष गरी तेलङ्गाना र आन्ध्र प्रदेशका विद्यार्थी आन्दोलनहरू नक्सली आन्दोलनको 'विश्वविद्यालय'जस्तै नै थियो, जहाँबाट बसवराज जस्ता नेताहरू जन्मिए।

'अपरेसन कागर' र राज्यपक्षको सफाया रणनीति

बसवराजको हत्या भारत सरकारले चलाएको 'अपरेसन कागर' अन्तर्गत भएको हो । अपरेसन कागज अबुझमाड र इन्द्रावती राष्ट्रिय निकुञ्ज आसपासका घना जंगलहरूमा विद्रोहीहरूलाई लक्षित गरी सुरक्षा बल परिचालन गरिएको विशेष सैन्य अभियान हो। त्यसक्षेत्रबाट माओवादी आन्दोलनलाई खसाप पार्ने उद्देश्यका साथ परिचालित उक्त अभियानमा डिस्ट्रिक्ट रिजर्भ गार्ड (DRG), COBRA कमाण्डोज, र छत्तीसगढको प्रहरी फोर्सको संयुक्त टोली सहभागी थियो।

उक्त अपरेसन माओवादीहरुलाई सैन्य रुपमा खसाप पार्ने कुरामा मात्रै लक्षित थिएन; यो विद्रोहीहरूका आधार इलाकाहरू ध्वस्त पार्ने र पुनःसंगठन रोक्ने प्रयास पनि हो। माओवादी विद्रोहीहरूका लागि अबुझमाड र दण्डकारण्य क्षेत्र लामो समयदेखि सुरक्षित आश्रयस्थल बन्दै आएको छ । ती क्षेत्रमा राज्यको उपस्थिति लगभग शून्य थियो, जसका कारण त्यहाँको भूगोल नै विद्रोहको आधारइलाका बनिरहेको थियो।

माओवादी आन्दोलनको रणनीतिक र मनोवैज्ञानिक क्षति

बसवराजको मृत्यु केवल नेतृत्वको क्षतिमा सीमित छैन; यसले विद्रोहीहरूको मनोबलमाथि पनि गहिरो प्रभाव पार्नेछ।सन् २००४ मा पीपुल्स वार ग्रुप र एमसीसी को एकीकरणपश्चात् बनेको CPI (माओवादी) को संगठनात्मक ढाँचा अर्धसैन्य किसिमको थियो, जसमा नेतृत्वको निर्देश बिना क्षेत्रीय इकाइहरूले दीर्घकालीन सञ्चालन गर्न कठिन मानिन्छ।

भारतको शासक वर्गले सीमित मुठ्ठीभर पुँजीपतिहरुलाई पोस्न र आदिवासी क्षेत्रबाट

त्यहाँका भूमिपुत्रहरुलाई विस्थापित गर्ने गरी लिएको नीतिका विरुद्धमा माओवादीहरुले जनतालाई संगठित गर्ने र सशस्त्र प्रतिरोध गर्ने काम गर्दै आइरहेको छ । तर मपछिल्ला वर्षहरूमा राज्यले लिएको कठोर दमनकारी नीति, गैरकानूनी हत्या लगायतका कारणले माओवादी आन्दोलनप्रति स्थानीय जनताको समर्थन घट्दै गएको छ । यतिखेर राज्यले विकास तथा सशस्त्री दबाबमार्फत उनीहरूको प्रभाव क्षेत्र खुम्च्याउँदै लगेको देखिन्छ।

२०१० को दशकको तुलनामा आज माओवादीहरू झन् विकेन्द्रित, विभाजित र गम्भीर संकटग्रस्त अवस्थामा पुगेका छन्। पहिले जस्तो बिहार, झारखण्ड, ओडिशा, महाराष्ट्र र आन्ध्रप्रदेशमा प्रभाव जमाएका माओवादीहरू अहिले मुख्यतः छत्तीसगढ, ओडिशाको सीमावर्ती क्षेत्र र केही मध्य भारतको वन क्षेत्रमा सीमित छन्। कुनैबेला आक्रामक रहेका तथा त्यस क्षेत्रमा आधार इलाका नै खडा गरेर बसेका माओवादी आन्दोलन यतिखेर प्रतिरक्षात्मक अवस्थामा पुगेको छ ।

विद्रोही आन्दोलनको भविष्य

बसवराज तहको नेता समेतको हत्या भएको पछिल्लो घटनाले माओवादी विद्रोहको रणनीतिक भविष्य र राजनीतिक सम्भाव्यतामाथि गम्भीर प्रश्न उठाएको छ। नेतृत्व संकट, आधार क्षेत्र गुमाउँदै जानु, जनसमर्थनमा गिरावट, र राज्य पक्षबाट बढ्दो दमन- यी सबैको जम्मा योगले भारतमा माओवादी विद्रोहको आगामी यात्रालाई अप्ठेरो बनाएका छन्।

यद्यपि, यसै घटनाको आधारमा माओवादी आन्दोलन पूरै समाप्त भयो भन्नु हतारो हुनेछ। राज्यको विभेदकारी नीति जारी रहेसम्म स्थानीय असन्तोष हल हुनेछैन र जनपक्षीय शक्तिहरुले त्यसलाई नेतृत्व गर्ने पक्का छ । तर, बसवराजजस्तो करिश्म्याटिक नेतृत्वको अभावमा संगठनमा अनुशासन, समन्वय र पुनर्संरचना गाह्रो हुने कुरा चाहिँ पक्का हो ।

https://dayitwabodh.com/news/detail/160807/





शान्तिवार्ताको प्रस्तावको जवाफ गोलीबाट दिनु राज्यद्वारा गरिने हिंसात्मक दमनको नमूना हो !

नम्बाला केशवराज (वासवराज) लगायत २७ जना क्रान्तिकारीहरुको 'कथित मुठभेड' मा गरिएको हत्याको विरोधमा संयुक्त वक्तव्य

भारतीय कम्युनिष्ट पार्टी (माओवादी)का महासचिव नम्बाला केशवराज (वासवराज) लगायत २७ जना क्रान्तिकारीहरुको 'कथित मुठभेड' मा गरिएको हत्याको विरोधमा नेपालका मानवाधिकारप्रेमी प्रगतिशील बौद्धिक समुदायका प्रतिनिधिहरुले एक संयुक्त वक्तव्य जारी गरेका छन् ।

वक्तव्यमा 'शान्तिवार्ताको आह्वान गरिरहेका माओवादी विद्रोहीहरुलाई घेराबन्दी गरी सामुहिक हत्या गरिएको हिंसात्मक कार्रवाहीले गर्दा यो राज्य संयन्त्रले 'शान्ति' होइन,

विरोधमा उठ्ने आवाजहरुलाई समूल 'सफाया' गर्ने नीति अंगालिरहेको छ भन्ने गम्भीर आरोपलाई थप बल प्रदान गरेको छ' भनिएको छ ।

वक्तव्यको पूर्णपाठ यस प्रकार छः

वासवराज र २७ क्रान्तिकारीहरु को सामुहिक हत्याविरुद्ध संयुक्त वक्तव्य

भारतको छत्तीसगढ क्षेत्रमा भारतीय कम्युनिष्ट पार्टी (माओवादी) का महासचिव नम्बाला केशवराव (वासवराज) र अन्य २७ जना क्रान्तिकारीहरुको 'कथित मुठभेड'मा भएको हत्याले हामी मानवअधिकारप्रेमी, प्रगतिशील बौद्धिक समुदायका प्रतिनिधिहरूलाई अत्यन्तै चिन्तित तुल्याएको छ । यो घटना जनपक्षीय अधिकार रक्षाका लागि सशस्त्र संघर्षमा उत्रिएका राजनीतिक नेतृत्वको हत्या मात्र होइन, बरु यो घटनाले भारतीय संघीय राज्यको लोकतान्त्रिक चरित्र, आदिवासी जनताको अधिकार, र विद्यमान राज्यसंयन्त्रप्रतिको नियतमाथि पुनः एकपटक गम्भीर ढङ्गले प्रश्नचिन्ह खडा गरेको छ।

राज्यसत्ताको दमनको विरोध गर्ने तथा आदिवासी जनजातिहरुको न्यायोचित मागहरुप्रति सहानुभूति राख्नेहरुलाई नक्सलवादी भनेर गैरन्यायिक ढङ्गले थुन्ने, यातना दिने काममा राज्ययन्त्र खुलेर लागेको छ ।एक राजनीतिक विचारधाराका प्रतिबद्ध प्रतिनिधि वासवराज र उनका दुई दर्जन बढी सहकर्मीहरुको हत्या त्यसबेला भएको छ, जसले नेतृत्व गरेको पार्टीले लामो सशस्त्र संघर्षलाई एकपक्षीय रुपमा नै सही, युद्धिवराम गरेर शान्तिवार्ताको आहान गरेका थिए । भारतका नागरिक समाज र मानवाधिकारवादीहरु को पहलमा उक्त पार्टीले सशस्त्र आन्दोलनलाई एकतर्फी युद्धविराम गरेर वार्ताका प्रस्तावहरूमार्फत शान्तिपूर्ण समाधानको बाटो खोल्न खोजिरहेका थिए । विगत केही वर्षदेखि सशस्त्र संघर्षमा उत्रिएका माओवादीहरु मात्र हैन, ठूलो संख्यामा निर्दोष आदिवासीहरु समेत 'नक्कली दोहोरो मुठभेड' को नाममा राज्यहिंसाको शिकार बनिरहेको स्थितिबारे भारत कै प्रबुद्ध व्यक्तित्वहरुले लगातार आवाज उठाउँदै आएको पनि हामी यहाँ स्मरण गर्न चाहन्छौं र उनीहरुको त्यो

साहसिक कदमप्रति एक्यबद्धता पनि प्रकट गर्न चाहन्छौं । शान्तिवार्ताको आह्वान गरिरहेका माओवादी विद्रोहीहरुलाई घेराबन्दी गरी सामुहिक हत्या गरिएको हिंसात्मक कार्रवाहीले गर्दा यो राज्य संयन्त्र ले 'शान्ति' होइन, विरोधमा उठ्ने आवाजहरुलाई समूल 'सफाया' गर्ने नीति अंगालिरहेको छ भन्ने गम्भीर आरोपलाई थप बल प्रदान गरेको छ पनि भन्न चाहन्छौं ।

हामी भारतका उत्पीडित जनताको पक्षमा छौं र उनीहरुको न्याय, समानता र मुक्तिको लडाइँलाइ समर्थन गर्दछौ । हामी यस कुराप्रति स्पष्ट रूपमा जोड दिन चाहन्छौं कि माओवादीहरूका राजनीतिक मागहरूमध्ये बहुसंख्यक मागहरू- चाहे त्यो जल-जंगल-जमिनमाथि आदिवासीहरूको अधिकार सुनिश्चित गर्नु होस्, चाहे सामन्ती संरचनाविरुद्धको लडाइँ - ती भारतको संविधानले प्रत्याभूत गरेका मौलिक हकका दायरामा आउँछन्। जब कुनै पार्टीले शान्तिवार्ताको लागि प्रस्ताव राख्छ, त्यसको जवाफ गोलीबाट दिनु राज्यद्वारा गरिने हिंसात्मक दमनको नमूना हो । त्यसले भारतको वर्तमान राज्यसत्ताको फासीवादी चरित्रलाई उजागर गर्छ । हिंसात्मक दमनमार्फत सरकारले आदिवासी जीवन, संस्कृति र जल-जंगल-जमिनमाथिको अधिकारलाई कुच्न खोजिरहेको देखिन्छ। सर्वोच्च अदालतले 'सलवा जुडुम' सन्दर्भमा 'राज्यले मानवअधिकारको रक्षा गर्नुपर्छ, उल्टो अत्याचार गर्न होइन' भनी गरिसकेको रोकको उल्लङ्घन गर्दै राज्य फेरि त्यही रणनीतिमा फर्किएको देखिन्छ - यो खेदजनक मात्र होइन, संविधानमाथिको चुनौतीसमेत हो।

हाम्रो माग छ कि-

१) भारतको सर्वोच्च अदालतको निगरानीमा वासवराजको मृत्युको स्वतन्त्र न्यायिक अनुसन्धान होस् ।शान्तिवार्ताको प्रस्तावलाई सम्मानपूर्वक सम्बोधन गरियोस् र द्वन्द्वको समाधानका लागि लोकतान्त्रिक संवाद र आदिवासी जनताको स्वायत्तताको अधिकारलाई उचित सम्बोधन गर्ने मार्ग अपनाइयोस्।

२) मानवअधिकारवादीकर्मीहरू र स्वतन्त्र पत्रकारहरूलाई माओवादी प्रभावित

क्षेत्रहरूमा पुग्न, अनुसन्धान गर्न, र अभिव्यक्तिको स्वतन्त्रता प्रयोग गर्न कुनै अवरोध नगरियोस्।

वासवराजको हत्या 'माओवादी विचारधाराको अन्त्य' होइन, बरु यस्तो घटनाले राज्यप्रणालीको अनुचित चरित्र, वर्गीय पक्षधरता र शोषणमूलक संरचनाको उजागर गर्छ। हामी स्पष्ट रूपमा भन्न चाहन्छौं कि राज्यहिंसाले प्रतिरोधी हिंसा भड्काउने काम मात्रै गर्छ । यस प्रकारको निन्दनीय घटनाले समस्याको समाधान दिन सक्दैन। हामी जनताको अधिकारको रक्षा, संविधानसम्मत मागको सम्बोधन र संवादको पक्षमा छौं तथा शान्तिवार्तामार्फत राज्य र विद्रोही बीच भइरहेको सशस्त्र द्वन्दको समाधान होस् भन्ने चाहान्छौं । त्यसको लागि भारतका सम्पूर्ण नागरिक समाज, पत्रकार, बौद्धिक समुदाय, मानवअधिकारवादी संगठनहरूले निरन्तर हस्तक्षेपकारी भूमिका खेल्ने छन् र अन्तत उत्पीडित जनताको पक्षमा न्याय को प्रत्याभूति हुने गरी शान्ति वार्ता सफल हुनेछ भन्ने विश्वास पनि व्यक्त गर्न चाहान्छौं ।

संयुक्त वक्तव्यका हस्ताक्षरकर्ताहरु

१. डा. महेश मास्के
२. खगेन्द्र सङ्ग्रौला
३. दीपेन्द्रबहादुर क्षेत्री
४. परशुराम तामाङ
५. डा. शरद वन्त
६. कुमार उपाध्याय
७. निनु चापागाई
८. महादीप पोखरेल
९. जे. बि. बिश्वकर्मा
१०. डा. शम्भु कट्टेल
११.रामरिझन यादव
१२. युवराज पन्थी (बुटवल)

१३. बिन बहादुर कुँवर (बुटवल)
१४. परशुराम कोइराला (पोखरा)
१५. अग्निशीखा (कैलाली)
१६. चन्द्र खाकी
१७. तुलसीदास महर्जन
१८. खेम विश्वकर्मा
१९. प्रमोद धिताल (दाङ)
२०. फणिन्द्र आचार्य (चितवन)
२१. दुर्गा प्रसाद दवाडी
२२. मोहन खतिवडा
२३. सुभाष देबकोटा (गोर्खा)
२४. दुर्गा बहादुर कार्की (चितवन)
२५. प्रेम बहादुर थापा (तनहुँ)
२६. महेश पौडेल (लमजुङ)
२७. नरेन्द्र जंग पिटर (नेपालगन्ज)
२८. केदार सिटौला (धरान)
२९. लोकनाथ चुडाल (भक्तपुर)
३०. निर्ग नबिन
३१. लक्ष्मी माली
३२. श्रीकान्त पण्डित
३३. युग पाठक
३४. दिनेश सापकोटा
३५. सङ्गीत स्रोता
३६. पुस्कर गौतम



फेरि मारिए माओवादीका अर्को वरिष्ठ नेता

भारतीय सुरक्षा फौजले भारतीय कम्युनिष्ट पार्टी माओवादीका वरिष्ठ नेता तथा केन्द्रीय केन्द्रीय समिति सदस्य (सीसीएम) सुधाकरको हत्या गरेका छन् ।

भारतीय सुरक्षाफौजले जानकारी दिएअनुसार हिजो बिहीबार विजापुर जिल्लाको जंगलमा भएको भिडन्तमा मृत्यु भएको हो।

दुई हप्ताअघि मात्रै भारतीय सुरक्षाफौजले भारतको कम्युनिस्ट पार्टी (माओवादी) का महासचिव नम्बाला केशवराव उर्फ बसवराज को हत्या गरेको थियो ।

सुधाकर पनि भारत सरकारले सर्वाधिक खोजी गरेका माओवादी शीर्षनेताहरुमध्येका एक थिए । भारत सरकारले उनको टाउकोको मोल १ करोड तोकेको थियो ।

भारतीय सुरक्षा फौजले सुधाकरको शवसँगै एके-४७ राइफल, हतियार, गोलीबारुद



र विस्फोटक पदार्थहरू बरामद गरेको दावी गरेका छन् ।

आन्ध्र प्रदेशको एल्लुरु जिल्ला (पूर्वी पश्चिम गोदावरी) अन्तर्गत चिन्तलपुडी मण्डलको प्रगदावरम गाउँमा जन्मेका तेन्तु लक्ष्मी नरसिम्हा चलम उर्फ गौतम उर्फ सुधाकरले एल्लुरुको सीआर रेड्डी कलेजमा अध्ययन गरेका थिए । उनले पछि विजयवाडामा आयुर्वेदिक चिकित्साको कोर्षमा नाम लेखाएका थिए । तर उनले उक्त अध्ययनलाई बीचैमा छाडेर माओवादी आन्दोलनमा समावेश भएका थिए।

२००१ देखि २००३ सम्म आन्ध्र-ओडिशा सीमा विशेष क्षेत्रीय समिति (एओबीएसजेडसी) को सचिवको रूपमा कार्य गरेका सुधाकर २०२१ मा सीपीआई (माओवादी)को केन्द्रीय समितिमा छानिएका थिए । उनी पार्टीको मुख्य वैचारिक प्रशिक्षण इकाई 'रेपोस' (क्रान्तिकारी राजनीतिक स्कूल)का प्रमुख थिए।२१ वर्षअघि आन्ध्र प्रदेश

सरकारसँग भएको असफल शान्ति वार्तामा पनि उनले भाग लिएका थिए ।

प्रहरी स्रोतका अनुसार पछिल्ला १७ वर्षदेखि सुधाकर बास्तरको अबूझमाड क्षेत्रबाट प्रमुख रूपमा क्रियाशील थिए, जहाँबाट उनले पार्टीका वैचारिक प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्नुका साथै उच्चस्तरीय रणनीतिक सञ्चार व्यवस्थापन गरिरहेका थिए। सुधाकर केवल एक वरिष्ठ कमान्डर मात्र होइन, नयाँ भर्तीहरूको वैचारिक गुरु पनि थिए ।

भारतीय प्रहरीले सुधाकर उनी आन्ध्र प्रदेश र छत्तीसगढमा भएका थुप्रै हिंसात्मक घटनामा संलग्न रहेको आरोप लगाउँदै आएका थिए । उनीमाथि सिलेरु, मक्कुवा, एल्विनपेटा र अन्नवरम प्रहरी क्षेत्राधिकार अन्तर्गत हत्या, डकैती, विस्फोटक प्रयोग र अवैध भेला जस्ता आपराधिक मुद्दाहरूमा मुद्दा दर्ता छन् ।

सुधाकरको मृत्युसँगै मध्य भारतमा माओवादी आन्दोलनले फेरि एक ठूलो वैचारिक र संगठनात्मक धक्का बेहोर्नु परेको छ । भारतीय सुरक्षा फौजले उनको हत्यालाई ठूलो उपलब्धिको रुपमा बताएको छ ।

सुधाकरकी पत्नी काकराला गुरु स्मृति उर्फ बुद्री उर्फ समता पनि एक वरिष्ठ माओवादी कार्यकर्ता हुन् र हाल मोबाइल राजनीतिक स्कूल (मोपोस)मा कार्यरत रहेको विश्वास गरिन्छ ।

(एजेन्सीहरुको सहयोगमा)

तस्विर: https://www.hindustantimes.com

https://dayitwabodh.com/news/detail/160852/



‘इन्काउन्टर’ मा तीन दिनभित्र सात माओवादी नेताको मृत्यु; अधिकार समूहद्वारा बर्बर यातनाको आरोप

सुरक्षा बल र माओवादीबीच भिडन्त छत्तीसगढको बीजापुर जिल्लास्थित इन्द्रावती राष्ट्रिय निकुञ्जमा जुन ५ देखि लगातार तीन दिनसम्म जारी रहेको छ। सात जना माओवादी नेताहरू मारिएका छन्।

मानव अधिकार संस्थाहरूले इन्द्रावती १,२५० वर्ग किलोमिटर क्षेत्रफल भएको राष्ट्रिय निकुञ्जभित्र पर्ने पर्शागढ गाउँबाट प्रहरीले १० जना माओवादीहरूलाई पक्राउ गरेको दाबी गरिरहेका बेला यी भिडन्तहरू भएका हुन्।

अधिकारवादी संस्थाहरूले भनेका छन् कि तीमध्ये सात जनालाई दिनहुँ अमानवीय यातना दिएर योजनाबद्ध रुपमा हत्या गरिएको हो - एक जनालाई जुन ५ मा, चार जनालाई जुन ६ मा र दुई जनालाई जुन ७ मा। बाँकी तीन जना माओवादीहरू प्रहरी हिरासतमा रहेको नागरिक स्वतन्त्रता समितिका तेलंगाना अध्यक्ष गड्डम लक्ष्मण, महासचिव एम. नारायण राव तथा अन्य पदाधिकारीहरूले बताएका छन्।

तर प्रहरीले अहिलेसम्म केवल दुई जनाको मात्र शव पहिचान भएको जनाएको छ। अधिकारकर्मीहरूले प्रहरी हिरासतमा रहेका १० जना माओवादीहरूको नाम सार्वजनिक गरेका छन्। ती नामहरूमा जुन ५ मा मारिएका सीपीआई (माओवादी) केन्द्रीय समितिका सदस्य तेंटु लक्ष्मी नरसिंह चलम उर्फ सुधाकर र जुन ६ मा मारिएका सीपीआई (माओवादी) तेलंगाना राज्य समितिका सदस्य मायलारापु अडेलु उर्फ भास्करको नाम समावेश छ। यी दुई नामहरू मात्र प्रहरीद्वारा पुष्टि गरिएका मृतकहरू हुन्।

यसका अतिरिक्त, लक्ष्मणले भनेका छन् कि उनीहरूले जुन ७ मा तेलंगाना राज्य समितिका अर्का सदस्य बाँडी प्रकाश र दण्डकारण्य विशेष अञ्चल समितिका सदस्य पापा रावको मृत्युबारे पनि थाहा पाएका छन्। प्रहरी हिरासतमा रहेका अन्य व्यक्तिहरूमा डिभिजनल कमिटी सदस्य रमण्णा, राष्ट्रिय निकुञ्ज क्षेत्रीय समिति सचिव दिलीप, दण्डकारण्य क्षेत्रीय समितिकी महिला सचिव सितु, तथा राष्ट्रिय निकुञ्ज क्षेत्रीय समितिका सदस्यहरू सुनीता, महेश र मुन्ना रहेका छन्।

फरक फरक कथनहरू

लक्ष्मणले जुन ५ मा बेलुकीपख प्रेस विज्ञप्ति जारी गर्दै प्रहरी हिरासतमा रहेका प्रकाशलगायत अन्यहरूको ज्यान जोखिममा रहेको आशंका व्यक्त गरेका थिए। उनले उनीहरूलाई कुनै हानि नगरी तुरुन्त अदालतमा उपस्थित गराउन माग गरे। उनले संघीय सरकारसँग युद्धविराम घोषणा गरी माओवादीहरूसँग शान्ति वार्ता थाल्न पनि आग्रह गरे।

बीजापुरका प्रहरी अधीक्षक जितेन्द्र कुमारले जारी गरेको प्रेस विज्ञप्तिमा मृतकहरूमा दुई जना अज्ञात महिला र तीन पुरुष रहेको उल्लेख गरिएको छ।

लक्ष्मणले सञ्चारकर्मीहरूलाई बताएअनुसार, जुन ५ मा हरियो पोशाक फालेर सर्वसाधारण लुगा लगाएका १० जना माओवादीहरू पर्शागढ गाउँमा शरण लिएका थिए, जुनबारे प्रहरीले आफ्नो सूचनादाताहरूको सञ्जालमार्फत थाहा पायो।

गाउँलेहरूलाई उद्धृत गर्दै उनले 'प्रहरी बिहान ७ बजे तिर उनीहरूलाई लिन आएको' बताएका छन्। त्यसपछि उनीहरूलाई पालैपालो गोली हानी मारिएको भनिएको छ। उनले राष्ट्रिय मानव अधिकार आयोग र सर्वोच्च अदालतलाई प्रहरीविरुद्ध स्वतःस्फूर्त रूपमा प्रक्रिया थाल्न आग्रह गरे।

द वायरसँग कुरा गर्दै एसपी यादवले अधिकारकर्मीहरूको आरोप असत्य प्रचार भएको भन्दै खारेज गरे। उनले भने कि सुधाकर, बाँडी प्रकाश र पापा रावसमेत माओवादीहरूको समूह राष्ट्रिय निकुञ्ज क्षेत्रमा भेला भएको भन्ने ठोस सूचना प्राप्त भएपछि अपरेशन सुरू गरिएको हो। विशेष कार्यबल, जिल्ला रिजर्भ गार्ड र कोब्रा फौजहरू संयुक्त रूपमा जंगलमा खोजबीन गर्न पठाइएको उनले जानकारी दिए।

सुधाकर पहिलो दिनको दोहोरो भीडन्तमा मारिएको र घटनास्थलबाट एके-४७ बन्दुक बरामद भएको प्रहरीद्वारा दाबी गरिएको छ। उनले यसलाई मे २१ मा नारायणपुर जिल्लामा माओवादी पार्टीका महासचिव नाम्बाला केसव रावको मृत्युपछि प्रहरीका लागि अर्को ठूलो सफलता भने।

एसपी यादवका अनुसार, जुन ६ को बिहान र राति थप चार माओवादीहरू मारिएका थिए, जसमा भास्कर पनि थिए। जुन ७ मा दुई जना मारिएका थिए। सुधाकर र भास्करबाहेक अन्य पाँच शवहरूको पहिचान प्रक्रिया चलिरहेको उनले बताएका छन्।

यादवले अधिकारवादी संस्थाहरूले माओवादी मृतकहरूको पहिचान सार्वजनिक गरेकोप्रति असन्तुष्टि जनाए। उनले आफूलाई समेत ती व्यक्तिहरूको पहिचान थाहा थिएन भनी बताए। उनका अनुसार केही सुरक्षा कर्मचारीहरू गोलीहानीको दोहोरो भिडन्तमा घाइते भएका थिए भने केही सर्पको टोकाइका कारण र केही डिहाइड्रेसनका कारण पीडित भएका थिए।

'संवैधानिक सङ्कट'

मध्यस्थकर्ता जी. हरगोपालसहितको शान्तिका लागि समन्वय समितिले भनेका छन् कि सीपीआई (माओवादी) का १८ जना वरिष्ठ नेताहरू प्रहरी हिरासतमा छन्। उनीहरूका अनुसार ती नेताहरूको ज्यानमाथि गम्भीर खतरा छ। "छत्तीसगढमा देखा परेको यो संवैधानिक सङ्कटले लोकतान्त्रिक मूल्यहरूको थप ह्रास र मौलिक अधिकारहरूको संरक्षणको पक्षमा अदालतको तत्काल हस्तक्षेप आवश्यक छ," उनीहरूले भनेका छन्।

हरगोपालले अघिल्ला वर्षहरूमा अपहरणमा परेका कलेक्टर एलेक्स पल र विनायल कृष्णाको रिहाइका लागि माओवादीहरूसँग मध्यस्थता गरेका थिए।

अहिले भएका हत्याहरू प्रहरीद्वारा सुरू गरिएको नयाँ द्वन्द्वको निरन्तरता भएको बताइएको छ।

सुधाकर २००४ मा विभाजित आन्ध्र प्रदेशमा वाई.एस. राजशेखर रेड्डी सरकारसँग माओवादीहरूद्वारा गरिएका शान्ति वार्तामा सहभागी प्रतिनिधिमण्डलको हिस्सा थिए। उनी सीपीआई (माओवादी) द्वारा सञ्चालित क्रान्तिकारी राजनीतिक विद्यालयको क्षेत्रीय ब्युरो प्रमुख पनि थिए।

सुधाकरलाई पार्टीबाट दुई तहको सुरक्षा व्यवस्था थियो। अधिकारकर्मीहरूका अनुसार यदि उनी साँच्चिकै भिडन्तमा मारिएका थिए भने, उनको सुरक्षा गार्डहरू पनि गोलीको शिकार हुने थिए। तर घटनास्थलमा उनको मात्र शव भेटिएको हो। उनी लडाकु कार्यकर्ताजस्तै सैनिक पोशाकमा नभई सर्वसाधारण लुगा लगाएर देखिएको स्मरण गराइएको छ। सुधाकर आयुर्वेद कलेज, विजयवाडाबाट पढाइ छोडेर ४० वर्ष भूमिगत जीवन बिताएका थिए।

अर्कोतर्फ, भास्कर पहिलेको आदिलाबाद जिल्लास्थित रामकृष्णपुरमा दर्ता भएका चिकित्सक थिए। उनले सन् १९९५ मा तत्कालीन जनयुद्धमा प्रवेश गरेका थिए।

बल्ला रविन्द्रनाथ नेतृत्वको राजनीतिक बन्दी मुक्ति समितिले पनि सुधाकर र भास्करको हत्या नक्कली भिडन्तमा भएको आरोप लगाएको छ। जनवादी कानुन व्यवसायीहरूको भारतीय संघका सदस्य पिचुक सुधाकरले छत्तीसगढ उच्च अदालतका प्रधान न्यायाधीशलाई पत्र लेख्दै अर्को पोष्टमार्टम नभएसम्म शवहरूको संरक्षणको लागि आदेश दिन अनुरोध गरेका छन्।

नागरिक स्वतन्त्रता समितिका महासचिव लक्ष्मण रावका अनुसार केन्द्र सरकारद्वारा सञ्चालन गरिएको अपरेशन कागरमा गत वर्ष जनवरी १ देखि अहिलेसम्म ५५० माओवादीहरूको ज्यान गएको छ। तीमध्ये करिब ४०० जना गरिब आदिवासीहरू रहेको समितिको दावी छ। यो अपरेशन छत्तीसगढको खनिज सम्पदालाई निजी कम्पनीहरूलाई सुम्पन आदिवासीहरूको संघर्षलाई दबाउने उद्देश्यले थालिएको उनीहरूको भनाइ छ।

thewire मा प्रकाशित एन राहुलको रिपोर्टको अनुवाद

https://dayitwabodh.com/news/detail/160854/